का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ कार्तिक २०८२
शनिबार
18 October 2025
Saturday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक २५२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बेवारिसे १२ कंकाल

## सम्पर्कमा आएनन् आफन्त, खुलेन पहिचान




न आन्दोलनका क्रममा मृत्यु भएका व्यक्तिका परिवार सम्पर्कमा आएका छन् न सरकारले मृत्यु भएको आसपास रहेका सिसी क्यामेरालगायतको सहायताले को व्यक्ति थियो भनेर पहिचान गर्न सकिएको छ । नेपाल प्रहरी र नेपाली सेना कंकाल यति छन् भनेर तथ्यांक राख्न विवश छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ असोज

जेनजी आन्दोलन भएको एक महिना बित्यो । तर अझैसम्म सो आन्दोलनका मृत्यु भएका १२ जनाको पहिचान नै खुल्न सकेको छैन ।

नेपाल प्रहरीका अनुसार काठमाडौं महानगरपालिका-७ चाबहिल चुच्चेपाटीमा भेटिएका सातवटा कंकालको पहिचान हुन सकेको छैन । सुनसरीको भाटभटेनीमा भेटिएका पाँचवटा कंकालको पनि सनाखत हुन सकेको छैन ।

न आन्दोलनका क्रममा मृत्यु भएकाका परिवार सम्पर्कमा आएका छन् न सरकारले मृत्यु भएको आसपास रहेका सिसी क्यामेरालगायतको सहायताले को व्यक्ति हो भनेर पहिचान गर्न सकेको छ । नेपाल प्रहरी कंकाल यति छन् भनेर तथ्यांक राख्न विवश छ ।

भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भयो । २३ भदौमा नयाँ बानेश्वर क्षेत्रमा मात्रै गोली लागेर १९ जनाको मृत्यु भएको थियो । त्यही दिन सुनसरीको इटहरीमा दुई जनाको मृत्यु भएको थियो । भदौ २४ गते समेतको गरेर मृत्यु हुनेको संख्या ७६ पुगेको हो । उनीहरू सबैलाई सरकारले शहीद घोषणा गरिसकेको छ ।

तर ती ७६ जना कोको हुन् ? यसबारे पूर्ण विवरण सरकारसँग छैन । नेपाली सेनाका अनुसार ७६ जनामध्ये २२ जना मात्रै प्रदर्शनकारी हुन । बाँकी तीन जना प्रहरी हुन्, १० जना कैदीबन्दी हुन् । मृत्यु हुनेहरूमा अझै ४१ जना बाँकी छन् । ती को हुन् ? भनेर नेपाली सेनाले प्रस्ट भनेको छैन ।

नेपाली सेनाले शुक्रबार पत्रकार सम्मेलन गरेको थियो । जहाँ सेनाको युद्ध कार्य विभागका प्रमुख उपरथी अनुपजंग थापाले यस्तो तथ्यांक प्रस्तुत गरेका हुन् । जसमा कंकालको विवरणसमेत समावेश छ ।

नेपाल प्रहरीका अनुसार भने मांशपेसी जलेर कंकाल मात्रै बाँकी रहेको अवस्थामा शव भेटिएका थिए । ती सबै शव त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा राखिएको छ ।

शव पहिचानका लागि भनेर प्रहरीले त्रिवि शिक्षण अस्पतालको फरेन्सिक विभागमा पठाएको थियो । तर ३८ दिनसम्म पहिचान खुल्न सकेको छैन ।

चिकित्सकहरूका अनुसार ती शवको पहिचान गर्न अप्ठ्यारो छ । डिएनए परीक्षणका लागि काठमाडौंको सामाखुसीस्थित नेपाल प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाइएको छ । चिकित्सकहरूले नै पहिचान खुल्न अप्ठ्यारो रहेको बताएपछि प्रहरीहरू नै अलमलमा रहेका हुन् । डिएनए परीक्षणका लागि जीवित सेल आवश्यक हुने चिकित्सक बताउँछन् । पृष्ठ २ मा

संसद पुनर्स्थापनाकै पक्षमा एमाले

# फागुन २१ मा चुनाव हुन नसक्ने निष्कर्ष

*संसद पुनर्स्थापना कि चुनाव भन्ने बहस गरेको एमालेले आगामी फागुन २१ मा चुनाव हुन नसक्ने निष्कर्ष निकालेको छ । यही निष्कर्षका आधारमा उसले संसद पुनर्स्थापनाको पक्षमा प्रस्ट निर्णय लिएको हो ।*




**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ३१ असोज

नेकपा एमाले संसद् पुनर्स्थापनाकै पक्षमा उभिएको छ । संसद् पुनर्स्थापना कि चुनाव भन्ने बहस गरेको एमालेले आगामी फागुन २१ मा चुनाव हुन नसक्ने निष्कर्ष निकालेको छ ।

केन्द्रीय समितिको यही निष्कर्षका आधारमा एमालेले संसद् पुनर्स्थापनाको पक्षमा प्रस्ट निर्णय लिएको हो ।

विघटित प्रतिनिधि सभा पुनर्स्थापना गरेर जाने निर्णय गरेको एमालेले सरकारले निर्वाचन गराउन नसक्ने भन्दै निर्वाचनमा नजाने जनाएको हो ।

आफ्ना प्रधानमन्त्रीकालमा पटकपटक संसद् विघटन गरेका एमाले अध्यक्ष केपी शर्मा ओलीले सुशीला कार्कीको प्रस्तावमा विघटन भएको संसदको बचाउमा लागेका छन् । बैठकमा शुक्रबार अध्यक्ष ओलीले प्रतिनिधि सभा पुनर्स्थापनाको मुद्दा लिएर अगाडि जानुपर्ने प्रस्ताव राखेका थिए । सो प्रस्तावमाथि असहमति जनाउँदै उपाध्यक्षद्वय अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवालीले फरक मत राखेका थिए । शाक्य र ज्ञवालीले फागुन २१ गतेको चुनावमा केन्द्रित भएर पार्टी अगाडि बढ्नुपर्ने धारणा राखे पनि निर्णयमा उनीहरूको केही चलेन ।

असोज २९-३१ मा बसेको एमाले १०औं पूर्ण बैठकले संविधान संशोधनका लागि पनि निर्वाचनभन्दा संसद् पुनर्स्थापना गरेर जानुपर्ने एमालेको तर्क छ । जेनजी आन्दोलन थेग्न नसकेर सत्ता छाडेर भागेको एमालेले जेनजीकै मागलाई सम्बोधन गर्न संसद् पुनर्स्थापनाको एजेन्डा अघि सारेको नेताहरूले बताएका छन् । पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले एमालेको १०औं पूर्ण बैठकले संसद् पुनर्स्थापनाको विकल्पमा जान नसकिने निर्णय गरेको बताए । बैठकमा ३ सय २८ जनाले आफ्नो धारण राखेको उनले बताए ।

बैठकको निर्णय सार्वजनिक गर्दै गौतमले भने, 'अहिलेको संकट समाधानको विकल्प भनेकै संसद् पुनर्स्थापना गर्नु हो । डिरेल गरेको संविधान, लोकतान्त्रिक गणतन्त्रमाथिको चुनौती र जेजनी आन्दोलनको मागलाई सहज सम्बोधन गर्ने उत्तम विकल्प भनेकै संसद् पुनर्स्थापना हो भन्ने एमालेको निष्कर्ष छ ।'

संसद् पुनर्स्थापनाका लागि लोकतन्त्र र संविधान पक्षहरूसँग सहकार्य गर्ने एमालेले जनाएको छ । जेनजी आन्दोलनबाट प्रभावित पुराना राजनीतिक दल विस्तारै तंग्रिदै छन् । युवापुस्ताले गरेको आन्दोलनको मर्म सम्बोधन गर्दै पार्टीलाई जनतामाझ लोकप्रिय बनाउन पार्टीमा पुनर्संरचना आवश्यक रहेको सबै दलमा बहस भइरहेको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टी राजनीतिबाट अलग रहेको घोषणासहित पृष्ठ २ मा

शेखर-गगन राजनीति

# एजेन्डामा एकता नेतृत्वमा प्रतिस्पर्धा



शेखर समयमा महाधिवेशन र पार्टी रुपान्तरणको विषयमा प्रस्ट हुनुहुन्थ्यो । नियमित महाधिवेशनमा जाने महामन्त्रीको तालिकाले पार्टी रुपान्तरण र जागृतीकरणमा सहयोग पुग्नेछ ।

**रञ्जित कर्ण**
नेता, नेपाली कांग्रेस



शेखर र गगनबीच भोलि प्रतिस्पर्धा भए पनि पार्टीको महाधिवेशनको मूल एजेन्डामा एकै ठाउँमा हुनु सकारात्मक हो ।

**प्रतिमा गौतम**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३१ असोज

नेपाली कांग्रेसको १४औं महाधिवेशनमा एउटै टिम बनाएर महाधिवेशन हाँकेका नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापा आगामी नेतृत्वका लागि प्रतिस्पर्धाको तयारीमा छन् । २०७८ मंसिर २४-२८ मा भएको १४औं महाधिवेशनमा सभापतिका लागि शेरबहादुर देउवासँगको प्रतिस्पर्धामा उत्रिँदा कोइराला र थापाले समूह बनाएरै महाधिवेशन हाँकेका थिए ।

सो महाधिवेशनमा सभापति संस्थापन पक्षकै नेता शेरबहादुर देउवा र दुई महामन्त्रीमा कोइराला टिमका थापा र प्रकाशमान सिंह समूहबाट विश्वप्रकाश शर्माले जितेर पार्टी चलाइरहेका छन् । सभापतिमा पराजित शेखर निरन्तर प्रतिपक्षका भूमिकामा रहेर चार वर्ष बिताइसकेका छन् । २०८२ मंसिरभित्र पार्टीको १५औं महाधिवेशन गर्नुपर्ने एजेन्डा बोकेर देशव्यापी अभियान चलाएका डा. शेखरले पार्टीको चालू बैठकमा पनि आफ्नो धारण प्रस्ट राखे । उनले मंसिरभित्र महाधिवेशन हुनेगरी कार्यतालिका ल्याउन महामन्त्रीहरूलाई सुझाव दिँदै त्यसमा आफ्नो पूर्ण समर्थन रहने बताए । नेता कोइरालाको यो अडानलाई स्वीकार गर्दै महामन्त्रीद्वय थापा र शर्माले आगामी मंसिर २७-२९ सम्म महाधिवेशन गर्ने कार्यतालिका पेस गरेका छन् । १५औं महाधिवेशन समयमै गराउने विषयमा उनीहरूबीच मत मिलेको छ ।

यद्यपि आगामी पार्टी नेतृत्वका लागि आ-आफ्नै ढंगले तयारी थालेका दुई नेताबीच पछिल्लो साढे दुई वर्षयता सम्बन्धमा दरार आएको छ । पार्टी नेतृत्वका सन्दर्भमा प्रतिस्पर्धामा उत्रिने तयारी गरेका नेताबीच पार्टी निर्माणको एजेन्डामा एकरूपता देखिएको नेपाली कांग्रेसका नेता रञ्जित कर्णले बताए । उनले भने, 'नेता शेखर कोइराला गत महाधिवेशनको डे वान देखी नै समयमा महाधिवेशन र पार्टी रूपान्तरणको विषयमा प्रस्ट हुनुहुन्थ्यो । तर महामन्त्रीजीहरू पछिल्लोपटक सभापतिलाई साथ दिँदै महाधिवेशन सार्न सहमत हुनुहुन्थ्यो । विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर अभियान चलाएका महामन्त्रीहरूले पनि नेता कोइरालाकै एजेन्डा (नियमित महाधिवेशन)मा जानेगरी समय तालिका ल्याउनुभएको छ । यसले कांग्रेस रूपान्तरण र जागृतीकरणमा सहयोग पुग्ने नै छ ।' जेनजी मुभमेन्टले समयमै महाधिवेशन गर्नुपर्ने प्रेसर कांग्रेसलाई दिएको नेता कर्णको तर्क छ ।

कांग्रेसको विधानअनुसार केन्द्रीय समिति कार्यकाल एक वर्ष थप्न पाउने व्यवस्थालाई उपयोग गर्दै २०८३ मा १५औं महाधिवेशन गर्ने सभापति शेरबहादुर देउवाको प्रस्तावलाई स्वीकार गर्दै सहमति दुवै महामन्त्रीले गरेका थिए । जेनजी आन्दोलनपछि पार्टीलाई पुर्नसंरचित गर्ने भन्दै विशेष महाधिवेशनको प्रस्ताव ल्याएका उनीहरूले विशेष महाधिवेशन प्रयोजनका लागि करिब ५४ पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# नेपाली कामदार डिजिटल ठगीमा पर्ने क्रम बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असोज

वैदेशिक रोजगारमा रहेका नेपाली कामदार डिजिटल ठगीमा पर्ने क्रम बढेको छ । ओमानमा साइबर ठगीमा संलग्न एक महिलासहित १९ जना नेपालीलाई डिपोर्ट गरिएपछि नेपाली कामदारमाथि बढ्दो सुरक्षा खतरा सार्वजनिक भएको हो ।

उनीहरूलाई प्रयोग गरी चिनियाँ गिरोहले नक्कली रोजगारी, अनलाइन लगानी र सामाजिक सञ्जालमार्फत पैसा ठग्ने कार्यमा लगाएको बताइएको छ । उक्त समूहले खाडीमा बस्ने नेपालीसहित एसियाली मूलका नागरिकहरूलाई लक्षित गरी नक्कली बैंक वेबसाइट, रोमान्स च्याट एप र क्रिप्टो ट्रेडिङ प्लेटफर्महरूमा जानाजान वा गुमराहमा पारेर काम गराउने गरेको बताइएको छ ।

ओमानले साइबर ठगीमा संलग्न भएको कसुरमा एक महिलासहित १९ जना नेपालीलाई बिहीबार डिपोर्ट गरेको छ भने थप ७ जनालाई आगामी सोमबार पठाउने तयारी रहेको बताइएको छ । ८ महिनाअघि गत मार्चमा पक्राउ परेका उनीहरूलाई अदालतले ६ महिना कैद र ३ देखि ६ सय ओमानी रियाल जरिमाना लगाएको थियो ।

विभिन्न तरिकाबाट ओमान पुऱ्याइएका उनीहरूलाई पासपोर्ट र कागजात खोसेर अनलाइन ग्राहक सेवा वा लगानी परामर्शदाताको नाममा नक्कली वेबसाइट तथा च्याट एपमार्फत ठगी गतिविधि गर्न जबरजस्ती काममा लगाइएको बताइएको छ । भिजिट भिसामा दुबईमा गएका उनीहरूलाई ठगी गर्ने चाइनिज नेटवर्किङ कम्पनीले पुनः भिजिट भिसामा ओमान लगेको गैरआवासीय नेपालीहरूले बताएका छन् । जेल अवधि पूरा पृष्ठ २ मा

**यूएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : HAVA GENTS SALON — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०६/३१ — चलानी नं.: ६०२४६३०४ — LT. No.: 332642

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barbers | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salon Cleaners | 1 | 0 | | 1000 | ३८,१८० | | | | | | | |
| 3. | Manicurist (Female) | 0 | 3 | | 1500 | ५७,२७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ८ गते (25 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1794/082/083
Tapasya HR Pvt.Ltd.
Samakhusi-26,Kathmandu. Phone No: 9801044493.Email: hr@tapasyahr.com

मध्यान्ह
www.madhyanhadaily.com

१ कातिक २०८२ शनिबार
18 October 2025 Saturday

# निजी आवास पुनर्निर्माणमा २२ अर्ब २४ करोड आवश्यक

**काठमाडौं /मस-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले निजी आवास पुनर्निर्माण तथा पुनःस्थापनाका लागि २२ अर्ब २४ करोड आवश्यकता पर्ने अनुमान गरेको छ ।

समितिको शुक्रबारको बैठकमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख इञ्जिनियर दिनेशप्रसाद भट्टराईले ८२ हजार ८ सय घर निर्माण तथा पुनःस्थापनाको लागत अनुमान गरिएको जानकारी दिए ।




बैठकमा विपद् व्यवस्थापन कोषको रकम परिचालन गरी विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल भएको थियो ।

भूकम्पबाट क्षतिग्रस्तलाई २० अर्ब ८८ करोड, मनसुनबाट क्षतिग्रस्तलाई एक अर्ब तीन करोड, प्राविधिक सहयोगका लागि २८ करोड र जनशक्ति एकाइका लागि पाँच करोड आवश्यकता पर्ने बैठकमा औंल्याइएको छ ।

पुनर्निर्माणको वित्त व्यवस्थापन तथा निजी आवास पुनर्निर्माणका लागि प्राप्त रकममध्येबाट विपद् व्यवस्थापन कोषमा आर्थिक वर्ष २०८१/८२ मा आम्दानी बाँधिएको दुई अर्ब ८७ करोड ६४ लाख १४ हजार २ सय ५० रहेको प्राधिकरणका कार्यकारी प्रमुख भट्टराईले जानकारी दिए ।

उनका अनुसार सो रकम १० हजार ५ सय परिवारका लागि छुट्याइएको छ ।

यसैबीच, अर्थ मन्त्रालयले १८ हजार ५ सय परिवारका लागि पाँच अर्ब उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ। प्राधिकरणका अनुसार ५३ हजार ८ सय घरका लागि रु १४ अर्ब ३४ करोड आवश्यक पर्दछ ।

समितिको बैठकले आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८२ पारित गरेको छ। यस्तै, विपद् जोखिम हस्तान्तरणका लागि विपद् बिमासम्बन्धी छलफल भएको थियो। बैठकले विपद् बिमासम्बन्धी सम्भाव्यता अध्ययन गरी प्रतिवदेन पेस गर्न प्राधिकरणका सहसचिवको संयोजकत्वमा छ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको छ ।

संकटग्रस्त क्षेत्र घोषणा भएका इलामका सूर्योदय नगरपालिका, देउमाई नगरपालिका, इलाम नगरपालिका, माङ्सेबुङ गाउँपालिका र माईजोगमाई गाउँपालिकालाई अतिप्रभावित क्षेत्र, फाकफोकथुम गाउँपालिका, माई नगरपालिका र सन्दकपुर गाउँपालिकालाई मध्यम प्रभावित क्षेत्र तथा चुलाचुली र रोङ गाउँपालिकालाई प्रभावित क्षेत्रका रूपमा मन्त्रिपरिषद्लाई सिफारिस गर्ने निर्णय गरिएको प्राधिकरणका कार्यकारी प्रमुख भट्टराईले बताए ।

बैठकमा विपद्बाट प्रभावित परिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ संशोधन सम्बन्धमा छलफल भएको थियो । अस्थायी आवास अनुदान प्रक्रियामा लाभग्राहीलाई पहिलो किस्तामा २५ हजार उपलब्ध गराउनुपर्ने, अन्तिम किस्तामा २५ हजार उपलब्ध गराउनुपर्नेछ । समयसीमा थप गर्ने सन्दर्भमा अस्थायी आवास निर्माण सम्झौतापछि घटना घटेको मितिले ९० दिनभित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

कार्यकारी समितिको बैठकले ताप्लेजुङ जिल्ला मैवाखोला गाउँपालिका वडा नं ३ र ४ मा रहेका ओदक, एकबाँसे र ताम्राङ बस्तीका ६५ परिवारलाई सोही गाउँपालिकाको वडा नं ३ को साँघुमा स्थानान्तरण गर्ने निर्णय गरेको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकमा विभिन्न नौवटा प्रस्तावित निर्णयमा छलफल भएको थियो। बैठकले प्रस्तावित निर्णय पारित गरेको छ ।

'यी निर्णयहरू कार्यान्वयन गर्नका लागि योग्य हुनुपर्छ भन्ने जिम्मेवारीपूर्वक हामीले छलफल गरेर पारित गरेका छौँ । कार्यकारी समितिका यी निर्णयहरूको पूर्ण कार्यान्वयनका लागि सबैले पहल गर्नेछौँ', गृहमन्त्री अर्यालले भने, 'यसलाई कसरी अझ प्रभावकारी ढंगले सम्बोधन गर्ने भन्नेसम्बन्धमा आगामी दिनमा थप छलफल गर्नेछौँ ।'

# बाढीले क्षति पुऱ्याएको शीतलपुर-मर्यादपुर सडक मर्मत सुरु

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३१ असोज



रौतहटको फतुवा विजयरपुर नगरपालिकास्थित शीतलपुर क्षेत्रमा बाढी र पहिरोले क्षति पुऱ्याएको सडक मर्मत कार्य सुरु गरिएको छ ।

गत असोज १८ गते शनिबारको भीषण वर्षासँगै आएको बाढी र पहिरोका कारण क्षतिग्रस्त बनेको शीतलपुर छठघाटसहितका सडकहरू मर्मत गर्न थालिएको हो ।

जिल्लाको मौलापुर नगरपालिका-१ मर्यादपुर हुँदै फतुवा विजयरपुर-२ शीतलपुर जोड्ने ग्रामीण सडकको मर्मत कार्य अघि बढाइएको वडाध्यक्ष अनिरुद्ध यादव 'संजय'ले जानकारी दिए । उनका अनुसार वर्षासँगै बाढी र पहिरो आउँदा विभिन्न खोला तथा खोल्साका आसपासका सडकहरू अवरुद्ध बनेका थिए, ती स्थानमा अहिले मर्मत कार्य भइरहेको छ ।

अडुवा र भकुवा खोलामा बाढीले क्षति पुऱ्याएका सडक खण्डहरूमा पनि मर्मत सुरु गरिएको छ । वडाध्यक्ष संजयका अनुसार सर्वसाधारण र स्थानीय यात्रुहरूको सहज आवागमनका लागि अवरुद्ध सडक खुलाउने र छठघाट निर्माण कार्य पनि एकैसाथ अघि बढाइँदैछ ।

उनका अनुसार आफैंले उपलब्ध गराएको एक्साभेटर उपकरणसहितको सहयोगमा खोलानालामा क्षति पुगेका भागहरूको मर्मत र सुधार कार्य भइरहेको छ ।

संजयले भने, 'खोलामा आएको बाढीका कारण सडकका विभिन्न भाग भासिएका थिए, ती भागहरू मर्मत गर्दै सडक सञ्चालनमा ल्याउन लागिएको हो ।'

वडाध्यक्ष संजयका अनुसार बाढी-पहिरोले अवरुद्ध बनाएको मर्यादपुर जोड्ने सडक मर्मत कार्य अन्तिम चरणमा पुगेको छ । स्थानीयको सक्रिय सहभागिता र वडा कार्यालयको पहलमा सडक पुनः सञ्चालनमा ल्याउने प्रयास जारी रहेको उनले बताए ।

# मातृभाषा मौलिक अभिव्यक्तिको शक्तिशाली स्वरूप

**काठमाडौं/मस-** 'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' भन्ने नारलाई आत्मसात गर्दै शुक्रबार 'मातृभाषा साहित्य शृंखला (सिर्जना, संवाद र विमर्श)' कार्यक्रम सम्पन्न भएको छ ।



नेपाल प्रज्ञा-प्रतिष्ठान, साहित्य (मातृभाषा) विभागद्वारा मासिक रूपमा हरेक महिनाको अन्तिम आयोजना गरिने उक्त मातृभाषा साहित्य शृंखला (सिर्जना, संवाद र विमर्श)' कार्यक्रममा मातृभाषी कविहरूबाट मातृभाषाका कविता वाचन गरिएको थियो ।

नेपाल प्रज्ञा-प्रतिष्ठान साहित्य मातृभाषा विभागका प्रमुख राजन मुकारुङको अध्यक्षतमा सम्पन्न उक्त कार्यक्रममा शान्ति साछिरिङ (लोहोरुङ भाषा), सञ्जिता दुरा (दुरा भाषा) तथा विनिता ताजपुरिया (ताजपुरिया भाषा) ले कविता वाचन गरेका थिए ।

प्रमुख मुकारुङले मातृभाषा साहित्य मात्र भाषा संरक्षणको माध्यम नभई साङ्गीतिक, दार्शनिक र सांस्कृतिक पहिचानको आधार भएको र नेपाल प्रज्ञा-प्रतिष्ठानको साहित्य मातृभाषा विभागद्वारा मासिक रूपमा आयोजना गरिने शृंखला ज्ञान, सृजनशीलता र विमर्शको एउटा सशक्त मञ्च भएको उल्लेख गरे ।

उनले भने, 'मातृभाषामा सिर्जना हुनु केवल भाषागत अभ्यास नभई मौलिक अभिव्यक्तिको शक्तिशाली स्वरूप हो । यस कार्यक्रमको यो शृंखला ज्ञान, सृजनशीलता र विमर्शको एउटा सशक्त मञ्च हो ।'

यसैगरी 'दनुवार भाषाको साहित्य' विषयक कार्यपत्र जीतेन्द्रसिं दनुवार तथा 'लोहोरुङ भाषाको साहित्य' विषयक कार्यपत्र एलेन ठूलेले प्रस्तुती दिएका थिए ।

कार्यक्रममा प्राज्ञ परिषद् सदस्य डा.कौशिला रिसाल, हङ्सावती कुर्मी लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको सहजीकरण गर्दै प्राज्ञ सभा सदस्य तथा सञ्चार संयोजक चेतनाथ धमलाले कार्यक्रमको उद्देश्य, सन्दर्भ र आगामी योजनाबारे जानकारी दिँदै मातृभाषाको बहुभाषिक स्वरलाई सशक्त रूपमा प्रस्तुत गर्ने उद्देश्य रहेको उल्लेख गरे ।

# काठमाडौं महानगरको ४३औं कार्यपालिका बैठक : १५ वटा प्रस्ताव पारित

काठमाडौं/मस-काठमाडौं महानगरपालिकाले १४ विभागीय र विविधसहित १५ वटा प्रस्ताव पारित गर्दै ४३ औं कार्यपालिका बैठक सम्पन्न गरेको छ । प्रमुख बालेन्द्र शाहको अध्यक्षतामा शुक्रबार बसेको बैठकमा विभिन्न विभागका कार्यगत प्रस्तावहरूमा छलफल गरी निर्णय गरिएको हो ।



बैठकमा वातावरण व्यवस्थापन विभागले प्रस्तुत गरेका तीनवटा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरिएका छन् । तीमध्ये वडा नं. ५ टंगालस्थित व्यवसायिक भवन निर्माण तथा सञ्चालन, वडा नं. १ दरबारमार्गस्थित शेर्पा मल भवन निर्माण तथा सञ्चालन र वडा नं. १ कै नक्सालस्थित कुमारी बैंकको संस्थागत भवन निर्माण तथा सञ्चालनका प्रस्तावहरू स्वीकृत भएका हुन् ।

त्यसैगरी प्रशासन विभागका तर्फबाट कलंकी मालपोत कार्यालयलाई रु. १० लाख र डिल्लीबजार मालपोत कार्यालयलाई १५ लाख अनुदान सहयोग उपलब्ध गराउने प्रस्ताव पारित गरिएको छ । साथै, महानगर अस्पतालका लागि जग्गा लिजमा लिने सम्बन्धी जानकारीसमेत बैठकमा प्रस्तुत गरिएको थियो । सामाजिक विकास विभागका प्रस्ताव अन्तर्गत बालकल्याण अधिकारी तोक्ने र काठमाडौं महानगरपालिका सिप तथा तालिम परिषद् स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि ऐन तर्जुमाका लागि सैद्धान्तिक सहमति दिने दुई प्रस्ताव पारित भएका छन् ।

स्वास्थ्य विभागतर्फबाट काठमाडौं महानगरपालिका र नेपाल एम्बुलेन्स सेवा बीचको सम्झौता नविकरण गर्ने र स्वास्थ्य बीमा लागू भएका १० वटा स्वास्थ्य प्रवर्द्धन केन्द्रहरूमा थप जनशक्ति व्यवस्थापन गर्ने प्रस्ताव स्वीकृत भएको छ । ती केन्द्रहरूमा एक जना मेडिकल अधिकृत, एक जना ल्याब टेक्निसियन र एक जना कार्यालय सहयोगीको व्यवस्था गरिने निर्णय भएको छ ।

कानुन तथा मानव अधिकार विभागले तयार गरेको राष्ट्रिय सभागृह सञ्चालन निर्देशिका, २०८२ स्वीकृत गरिएको छ भने सूचना प्रविधि विभागका तर्फबाट सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र स्थापनाका लागि आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धी प्रस्ताव पारित भएको छ ।

त्यस्तै सार्वजनिक निर्माण विभागले हनुमानढोका दरबार परिसर र डबली क्षेत्र अन्तर्गत भइरहेका मर्मत कार्यहरूमा बाँकी कामको परिमाण माग र आवश्यकता अनुसार अन्य स्थानमा स्थानान्तरण गर्ने निर्णय अनुमोदन गरिएको छ ।

अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालयले सिटिनेटद्वारा इन्डोनेसियामा आयोजना हुने ४५औं सिटिनेट एक्सक्युटिभ कमिटी बैठकमा सहभागिताका लागि वडा नं. १६ की वडाध्यक्ष रोजिना श्रेष्ठलाई मनोनयन गरेको प्रस्ताव अनुमोदन गरिएको छ ।

सहरी योजना आयोग सचिवालयका तर्फबाट सुरज शाक्य र सुमन प्रधानलाई शहरी योजना आयोगका सदस्यका रूपमा नियुक्त गर्ने प्रस्ताव स्वीकृत भएको छ ।

विविध प्रस्ताव अन्तर्गत ३५ वटा गाउँपालिकालाई एम्बुलेन्स खरिदका लागि जनही २२ लाख ९९ हजारका दरले अनुदान सहायता उपलब्ध गराउने र यन्त्र तथा उपकरण महाशाखामा कार्यरत प्राविधिक तथा अन्य कर्मचारीलाई वार्षिक एप्रोन सुविधा वृद्धि गरी ८ हजार रुपैयाँ प्रदान गर्ने निर्णय पनि गरिएको छ । यी सबै प्रस्ताव पारित भएसँगै काठमाडौं महानगरपालिकाको ४३ औं कार्यपालिका बैठक सम्पन्न भएको छ ।

### बेवारिसे...

तर शरीर पूर्ण रूपमा जलेर कंकाल मात्रै बाँकी भएकाले डिएनए परीक्षणका लागि समस्या परेको हो । तर विधि विज्ञानले प्रयास गरिरहेको छ, प्रक्रियामै रहेको चिकित्सहरू बताउँछन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंले शव दाबी गर्न आफन्त पुगेका पनि छैनन् । प्रहरीका अनुसार जेनजी आन्दोलनमा सहभागी हुन निस्किएको र फर्किएनन् भन्नेखालको निवेदन लिएर पीडित परिवार पुगेका छैनन् । हरायो भनेर पनि केही परिवार प्रहरीको सम्पर्कमा पुगेका छैनन् ।

### फागुन २१...

उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिएका छन् । नेकपा माओवादीले केन्द्रीय कमिटी नै भंग गरेर मंसिरमा महाधिवेशन गर्नेगरी पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा महाधिवेशन आयोजक समिति बनाएको छ । एमालेले पनि मंसिर २७-२९ गतेसम्म महाधिवेशन गर्ने निर्णय लिएको छ । तर कांग्रेसमा नयाँ पुस्ताले पार्टीलाई नेतृत्व गर्ने तहमा पुगे पनि एमाले र माओवादीमा फेरि अहिलेकै नेतृत्व दोहोरिने करिब पक्का छ । दुवै दलका नेताहरूले आफ्नो पक्षमा बहुमत जुटाउन दोस्रो तहका नेताहरूलाई झगडा गराएर आफैं नेतृत्व गर्ने योजनामा छन् । संसद् सर्वोच्च अदालतमा मुद्दासमेत परिसकेको छ । यो अवस्थामा संसद् पुनर्स्थापनाको पक्षमा जनपरिचालन गर्ने एमालेले निर्णय गरेको गौतमले बताए ।

### एजेन्डामा...

प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर पार्टीमा बुझाएका छन् । तर केन्द्रीय समितिको कार्यकाल सकिएपछि विशेष महाधिवेशनभन्दा पनि नियमित महाधिवेशन गर्नुपर्ने पुरानो अडानबाट नेता कोइराला पछि हटेका छैनन् । संस्थापन पक्षका नेतासमेत नियमित महाधिवेशनकै पक्षमा उभिएपछि महामन्त्रीहरूले पेस गरेको विशेष महाधिवेशनको एजेन्डा ओझेलमा परेको नेताहरूले दाबी गरेका छन् । असोजको पहिलो साता नै महाधिवेशन प्रतिनिधिको समय सकिएको र वर्तमान केन्द्रीय समितिको समेत समय सकिएपछि विशेष महाधिवेशनको एजेन्डा लिएर महामन्त्रीहरूले नै पार्टीमा विवाद बढाउने काम गरेको केन्द्रीय सदस्य कुन्दनराज काफ्लेले बताए । उनले भने, 'कांग्रेसको वर्तमान कार्यसमितिको समयावधि सकिनै लागेको छ । यिनै केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको छनोट गरेका महाधिवेशन प्रतिनिधिको कार्यकाल असोजको पहिलो हप्तामै सकिएकाले यसको वैधानिकतामाथि प्रश्न उठ्छ । पार्टीको महाधिवेशनमा जेनजीसहितका नयाँ व्यक्तिहरूले भाग नदिएर पुरानै महाधिवेशन प्रतिनिधिबाट नेतृत्व मात्रै छान्दा अझै ठुलो समस्या देखापर्छ,' उनले भनेका छन् । म्याद सकिएका महाधिवेशन प्रतिनिधिको हस्ताक्षरलाई मान्यता दिन नसकिने संस्थापन पक्षका नेताको दाबी छ ।

तर महामन्त्री थापा र विश्वप्रकाश शर्मानिकटका नेताहरूले नियमित महाधिवेशन समयमै गर्न संस्थापन पक्षलाई दबाब दिन विशेष महाधिवेशनको हस्ताक्षर अभियान चलाएको बताउँछन् । महामन्त्रीहरू महाधिवेशन सार्ने पक्षमा पक्षमा हुनुहुन्थ्यो । एक वर्षअघि नै महाधिवेशनको तालिका प्रस्तुत गनरेका महामन्त्रीको प्रस्तावलाई पार्टी संस्थापन पक्षबाट अस्वीकृत भएको हो । तर पछिल्लो जेनजी आन्दोलनपछि पार्टीलाई यथास्थितिबाट अघि बढाउन नसक्ने निष्कर्षसहित विकल्पमा विशेष महाधिवेशनको अभियान चलाइएको हो ।' २०७९ पुस १० मा भएको संसदीय दलको नेता छनोटको प्रतिस्पर्धामा संस्थापनइतर समूहले गगनलाई अघि सारे पनि आफ्नै टिमका सात जना सांसदहरूले मत नदिएपछि थापा देउवासँग ठुलो मतान्तरले पराजित भएका थिए । देउवाले ६३ मत पाउँदा शेखर समूहबाट दलको नेता भिडेका महामन्त्री थापाले २५ मत मात्रै प्राप्त गरेका थिए । संसदीय दलको निर्वाचनमा पाका नेताहरू एकातिर लागेको महसुस गरेका थापा कोइरालासँग विस्तारै टाढिँदै गएका हुन् । त्यसबेला थापालाई दलको नेतामा चुनाव लडाउने र १५औं महाधिवेशनमा शेखरलाई नै सभापति बनाएर जाने संस्थापनइतर समूहका नेताहरूबीच भद्र सहमति भएको थियो । सभापति देउवाका निकटतम प्रतिस्पर्धी रहेका कोइरालाले त्यतिबेला ४० प्रतिशत मत प्राप्त गरेका थिए । देउवा सक्रिय भूमिकामा नरहने निश्चित भएसँगै कोइरालाले आफूलाई 'सर्वस्वीकार्य' बनाउन प्रयास थालेका छन् । त्यस्तै, थापाले कुनै हालतमा कसैलाई नेतृत्व नछाड्नेगरी अघि बढेका छन् ।

संस्थापन समूहको पेलान र शेखर समूहबाट समेत टाढिँदै गएका महामन्त्री थापाले आफ्नै नेतृत्वमा समूह निर्माण गर्ने र १५औं महाधिवेशनमा सभापति बन्ने योजनाका साथ अघि बढेका छन् । नेता शेखरले पनि थापाको अनुपस्थितिमा पनि आफ्नो समूहलाई मजबुद बनाउने संस्थापन पक्षका कतिपय नेताहरूलाई आफ्नो पक्षमा उभ्याइसकेका छन् । पार्टीको आगामी नेतृत्वका लागि छुट्टै अभियान चलाएर हिँडेका नेता कोइराला र थापाबीच एजेन्डामा भने एकता देखिएको नेताहरूको दाबी छ । २९ बाट चलेको पार्टी केन्द्रीय समितिको बैठकमा नियमित महाधिवेशन गर्नुपर्ने पक्षमा अधिकांश नेताहरू देखिए पनि मंसिरमै महाधिवेशनको समय अपुग हुने हुँदा केही पर सार्ने विषयमा छलफल चलिरहेको छ । यसको नेतृत्व कार्यवाहक सभापति पूर्णबहादुर खड्काले गरेका छन् ।

### नेपाली...

गरेर डिपोर्टको अवस्थामा पुगेका नेपालीलाई गैरआवासीय नेपालीहरूले एकतर्फी हवाई टिकट उपलब्ध गराएका छन् ।

यसअघि गत फेब्रुअरीमा पनि चिनियाँ अपराधी गिरोहले थाइल्यान्ड-म्यानमार सिमानामा खोलेका अवैधानिक स्क्यामका ठगी केन्द्रहरूबाट जबरजस्ती काममा लगाइएका नेपालीसहित ठुलो संख्यामा रहेका विदेशी कामदारहरूलाई बहुराष्ट्रिय कारबाहीबाट मुक्त गरिएको थियो । आप्रवासी कामदारलाई बन्धक बनाएर ती अवैध अनलाइन केन्द्रहरूमा एक लाख बढी आप्रवासीलाई काममा लगाइएको अनुमान थियो । थाइल्यान्डले आफ्नो सिमानामा अवैध अनलाइन केन्द्रहरू भत्काउन सफल भएपछि चिनियाँ गिरोह खाडी मुलुकमा स्थानान्तरण भएको बताइएको छ ।

प्रायः आपराधिक गिरोहहरूद्वारा बेचबिखन गरिएका मानिसहरूलाई प्रयोग गरिएको ठगी केन्द्रमा पुगेका केहीले स्वेच्छाले त्यहाँ गएको बताएका छन् भने धेरैले अनुचित आर्थिक प्रलोभनमा पारेर पुऱ्याएको बताएका छन् ।

पटकपटक नेपाली कामदार अवैधानिक गिरोहको प्रलोभनमा परेर ठगीमा पर्नुले उनीहरूलाई वैदेशिक रोजगारमा जानु अघि दिइने अभिमुखीकरण तालिममा कमीकमजोरी रहेको पुष्टि हुने कतिपयले टिप्पणी गरेका छन् । कतिपयले भिजिट भिसाले निम्त्याउने धेरै जोखिममध्ये अवैध स्क्याम गिरोहको जालो पनि एक रहेको बताएका छन् ।

# सुनापतिका ७७ परिवार पहिरोको उच्च जोखिममा

**रामेछाप/मस-** रामेछापको सुनापति गाउँपालिकाका ७७ परिवार पहिरोको उच्च जोखिममा रहेका छन् ।

उक्त पालिकाको वडा नम्बर ३ का चार टोलका बासिन्दा पहिरोको जोखिममा परेका हुन् । पहिरोले पूरै बस्ती नै तानेपछि तत्काल सुरक्षित ठाउँमा स्थानान्तरण गरिदिन पीडितले माग गरेका छन् । सुनापति-३ मा पर्ने केउरेनी, साउने, नागासिवा र च्याम्दुङ टोलका बासिन्दा विस्थापित हुने खतरा छ । विगत लामो समयदेखि सामान्य पहिरो खस्दै आएको उक्त बस्ती यही असोज १७, १८ र १९ गते परेको अविरल वर्षाका कारण झन् जोखिममा परेको हो ।

पहिरोले बस्ती नै तलतलिर तानेपछि कतिपय घर भत्किसकेका छन् भने धेरजैजो घर चिराचिरा परेर ढल्ने अवस्थामा पुगेका छन् । वर्षा रोकिएको दुई बित्न लाग्दा समेत पहिरो भने रोकिएको छैन । चक्लाबन्दी पहिरोका कारण बस्ती दिनदिनै तलतल सर्दै गइरहेका छन् । जोखिममा परेका बस्तीका बासिन्दालाई सुरक्षित ठाउँमा सार्ने काम अघि बढाइएको र राहतबापतको केही रकम पनि दिने तयारी भएको सुनापति गाउँपालिकाका उपाध्यक्ष गीता विष्टले बताइन् ।

घरहरू दिनदिनै खानीखोलातर्फ बग्दै गएपछि पीडितले आफूहरूलाई तत्कालै सुरक्षित ठाउँमा बस्ने बासको व्यवस्था मिलाइदिन माग गरेका छन् । उक्त बस्तीमा बस्न सक्ने अवस्था नभएकाले तत्काललाई सुरक्षित ठाउँमा बस्ने वास मिलाइदिन र स्थानीयवासीको लागि सुरक्षित ठाउँमा बस्ती नै सार्नुपर्ने स्थानीय पीडित सीता खड्का बताउँछिन् ।

पहिरो क्षेत्रमा पर्ने बस्तीका बासिन्दालाई राति त्यस ठाउँमा नबस्न गाउँपालिकाले आग्रह गरे पनि अन्त बस्ने ठाउँ नहुँदा पीडित त्यहीँ बस्न बाध्य छन् । स्थानीय पीडित मीनबहादुर खत्रीका अनुसार २०३५ सालमा त्यस ठाउँलाई पहिरोको जोखिम क्षेत्रमा सूचीकृत गरिएको थियो ।

त्यति बेला त्यहाँका केही बासिन्दालाई बसाइँ सारेर अन्यत्र लगिए पनि पछि त्यस ठाउँमा पुनः बस्ती बसालिएको थियो । अब यस ठाउँमा बस्न सक्ने अवस्था नरहेको तर अन्यत्र सर्न पनि आफ्नो निजी जग्गा जमिन यही ठाउँमा भएको पीडित रोज थिङले बताए । सुनापति-३ का वडाध्यक्ष कुलबहादुर थिङको नेतृत्वमा समिति बनाएर पीडितको पहिचान गरिसकिएकाले अब तत्कालै उनीहरूलाई राहत र पुनर्वासको व्यवस्था मिलाइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार श्रेष्ठले बताए ।

# सरकारको एक मात्र उद्देश्य निर्वाचन सम्पन्न गर्नु हो : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले छ महिनाभित्र निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

परराष्ट्र मन्त्रीको समेत जिम्मेवारी सम्हाल्नुभएकी प्रधानमन्त्री कार्कीले शुक्रबार परराष्ट्र मन्त्रालयमा नेपालस्थित कूटनीतिक निकायका प्रतिनिधिसँगको 'ब्रिफिङ'मा वर्तमान सरकारको एकमात्र उद्देश्य आगामी फागुन २१ गते स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी सत्ता हस्तान्तरण गर्ने रहेको बताइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्,'सरकारसहित राज्यका सम्पूर्ण संयन्त्रहरू विश्वसनीय निर्वाचनका लागि आवश्यक सुरक्षा, कानुनी संरचना र व्यवस्थापन सुनिश्चित गर्न केन्द्रित छन् । हामी निर्वाचन आयोगलाई सशक्त पार्दै छौँ, सुरक्षालाई सुधार गर्दैछौँ र सबै राजनीतिक दल तथा सरोकारवाला, 'जेनजी' प्रतिनिधिहरूसँग संवाद गरिरहेका छौं ।'

उनले सरकारको प्राथमिकता आन्तरिक स्थायित्व र लोकतान्त्रिक प्रक्रियाका लागि विश्वसनीय र सुरक्षित वातावरण सुनिश्चित गर्नेतर्फ केन्द्रित रहेको स्पष्ट गरिन् । 'बहुदलीय लोकतन्त्र हाम्रो राजनीतिक प्रणालीको आधारशिला हो, लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता नै हाम्रो एकमात्र सही बाटो हो' उनले भनिन् ।

प्रधानमन्त्री कार्कीले विदेशमा अस्थायी रूपमा बसोबास गरिरहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न क्रमशः बाह्य मतदान प्रणाली सम्भावनाको पनि अध्ययन भइरहेको जानकारी गराइन् । अघिल्ला निर्वाचनमा जस्तै अन्तरराष्ट्रियस्तरको अवलोकनले यस ऐतिहासिक लोकतान्त्रिक अभ्यासको पारदर्शिता र विश्वसनीयता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै उनले यस यात्रामा नेपालस्थित कूटनीतिक निकायको निरन्तर सद्भावना र सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गरिन् । उनले आन्दोलनका क्रममा क्षतिग्रस्त प्रहरी चौकीमध्ये धेरै ठाउँमा स्थानीय आफैँले मर्मत गर्न थालिसकेको तथा हराएका वा चोरी भएका हतियार तथा उपकरण पुनःप्राप्त गर्न पनि तदारुकतासाथ काम भइरहेको जानकारी दिइन् ।

प्रधानमन्त्री कार्कीले 'जेनजी' आन्दोलनले सबैलाई सुन्ने, प्रतिक्रिया दिने, सुधार गर्ने र परिणाम दिने सामूहिक जिम्मेवारीको गहिरो ढंगबाट बोध गराएको उल्लेख गर्दै यसले सुशासन, आर्थिक अवसर र सार्वजनिक जीवनमा इमानदारीका लागि जनताको आकाङ्क्षालाई झल्काउने बताइन् । यस आन्दोलनले सबैलाई ढिलो नगरी जनअपेक्षाअनुसार परिणाम दिन प्रेरित गरेको उनको भनाइ थियो ।

वर्तमान सरकार गठन भएको करिब एक महिनाको यसअवधिमा राज्यसंयन्त्रभित्रका भ्रष्टाचार, कुशासन र चुनौती मात्र होइन, सुधारको विशाल सम्भावनासमेत पत्ता लगाएको उल्लेख गर्दै उनले यो नै विश्वास पुनःस्थापना गर्ने, संस्थाहरू सुदृढ पार्ने र शासन व्यवस्थालाई पारदर्शिता र सेवामुखी दिशातर्फ डोऱ्याउने उपयुक्त क्षण भएको स्पष्ट पारिन् । यो आन्दोलन पारदर्शिता र जवाफदेहिताको मागमा आधारित रहेको उनको भनाइ थियो । 'जेनेरेसन-जेड' बाट निकै ठूलो आशा राख्छु

'म व्यक्तिगत रूपमा 'जेनेरेसन-जेड' बाट निकै ठूलो आशा राख्छु, जसको ऊर्जा र राजनीतिक सचेतनाले हाम्रो राजनीतिक परिवेशमा नयाँ युगको सुरुआत गराएको छ', प्रधानमन्त्री कार्कीले भनिन्,'म उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सकारात्मक रूपमा सहभागी हुन आह्वान गर्दछु, किनकी नेपालको भविष्य साँच्चिकै उनीहरूमै निहित छ ।' उनले राजनीतिक दलहरूले पनि यस नयाँ पुस्तासँग सकारात्मक र रचनात्मक रूपमा सहकार्य गर्ने अपेक्षा गरिन् ।

आफू नेतृत्वको सरकार जनताको इमानदारी र कानुनको शासनप्रतिको प्रबल मागको प्रतीक भएको उल्लेख गर्दै उनले देशको शासन प्रणालीमा उच्चतम मापदण्ड स्थापित गर्ने दृढ संकल्पसहित जन्जी आन्दोलनको जगमा बनेको वर्तमान सरकार पारदर्शी, उत्तरदायी र सही ढंगले काम गर्न सक्छ भन्ने देखाउने बताइन् ।

प्रधानमन्त्री कार्कीले हालैको जेनजी आन्दोलनका क्रममा भएको हिंसाका कारण र तथ्यहरू पत्ता लगाउन स्पष्ट अधिकारसहितको न्यायिक छानबिन आयोग गठन गरिएको जानकारी गराउँदै उच्चस्तरीय भ्रष्टाचारका आरोपमाथि विश्वसनीय र निष्पक्ष छानबिनसमेत आरम्भ गर्न लागेको बताइन् । यसले कुनै पनि व्यक्ति कानुनभन्दा माथि नभएको स्पष्ट सन्देश दिने उनको भनाइ थियो ।

सेवाप्रवाह र जनउत्तरदायित्व सुधारका लागि 'हेलो सरकार' प्रणालीलाई नयाँ ऊर्जासहित पुनर्जीवित गरिएको अवगत गराउँदै प्रधानमन्त्री कार्कीले सार्वजनिक कोषको दुरुपयोग रोक्न र पारदर्शिता बढाउन बजेट संशोधन गरिएको, साथै पुराना भ्रष्टाचारका मुद्दाहरू पुनःसक्रिय गरी कारबाही प्रक्रिया अगाडि बढाइएको बताइन् ।

# प्रहरीलाई स्रोतसाधन उपलब्ध गराउन सरकार प्रतिबद्ध : गृहमन्त्री




**काठमाडौं/मस–** गृहमन्त्री ओमप्रकाश अर्यालले नेपाल प्रहरीलाई पर्याप्त स्रोत, साधन उपलब्ध नभए आगामी प्रतिनिधि सभा सदस्यको निर्वाचन गराउने कार्य प्रभावित हुनेमा सरकार सतर्क रहेको बताएका छन् ।

शुक्रबार ७०औं प्रहरी दिवस, २०८२ को अवसरमा आयोजित अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण कार्यक्रममा बोल्दै उनले प्रहरीलाई साधन, स्रोतयुक्त बनाउन गृह मन्त्रालयले गम्भीरताका साथ पहल गर्ने बताए ।

उनले सरकारले प्रहरीलाई स्रोत, साधन उपलब्ध गराउन तत्काल आवश्यक कदम अघि बढाउने बताए । नेपाल प्रहरी कानुन कार्यान्वयनमा अग्रपंक्तिमा रहने र सरकारप्रतिको धारणा र प्रतिक्रियामा समेत निशानामा पर्ने संगठन रहेको उनले बताए ।

उनले गत भदौ २३ र २४ गतेको विरोध प्रदर्शन र आन्दोलन यसैको प्रतिविम्ब भएको जिकिर गरे । जेनजी आन्दोलनका क्रममा प्रहरीका सांगठनिकदेखि व्यक्तिगत सामानहरु पनि लुटपाट र आगजनी भएको र स्रोत साधनको अभाव रहेका कारण प्रहरी संगठनका साथै आम नागरिकमा समेत यसको प्रत्यक्ष प्रभाव परेको उनले बताए ।

गृहमन्त्री अर्यालले बढ्दो प्रविधिसँगै नयाँ प्रकृतिका अपराधका गतिविधि मौलाएको बताए । यसले अपराध अनुसन्धान कार्य थप चुनौतीपूर्ण बन्दै गएको उनको भनाइ थियो । नेपाल प्रहरीलाई साधन, स्रोतले सुसज्जित बनाइ देश र नागरिक सुरक्षा सुदृढ बनाउनु गृह मन्त्रालयको प्रमुख प्राथमिकतामा रहेको उनले बताए ।

यसैबीच नेपाल प्रहरीका प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले गत भदौ २३ र २४ गतेको जेनजी पुस्ताको प्रदर्शन र त्यसपछिका घटनाक्रमबाट देशले अकल्पनीय क्षति व्यहोर्नुपरेको बताएका छन् ।

उनले राज्यको सबैभन्दा अग्रपंक्तिमा सेवारत विशाल संयन्त्रयुक्त संगठनको रुपमा विकसित भएको नेपाल प्रहरी आजका दिनसम्म नागरिकको स्नेह, आक्रोश समानन्तर रुपमा प्राप्त र सामना गर्ने राज्यको सशक्त प्रतिनिधिको रुपमा स्थापित हुन सफल भएको बताए ।

उनले राजनीतिक परिवर्तनको हालको परिस्थितिमा र आगामी दिनहरुमा समेत उत्पन्न हुनसक्ने सुरक्षा चुनौती र असहज परिस्थितिको सामना गर्दै आम नागरिकलाई शान्ति सुरक्षा र अमन चयनको प्रत्याभुति दिलाइ नागरिक भरोसाको केन्द्रको रुपमा रहेको नेपाल प्रहरी व्यवसायिक रुपमा सक्षम तथा प्रतिबद्ध रहेको बताए ।

नेपाल प्रहरीबिनाको समाज परिकल्पना गर्न नसकिने उनले स्पष्ट पारे । विभिन्न ९ सय ३९ स्थानमा नयाँ प्रहरी इकाइको माग र चार सयभन्दा बढी इकाइमा प्रहरी कार्यालयको स्तरोन्नतिको माग रहेको उनले बताए । यसको पूर्तिका लागि २५ हजार भन्दा बढी प्रहरी जनशक्ति आवश्यक रहेको उनले बताए ।

उनले प्रहरीको बोली, वचन र व्यवहार सुधार गर्न पनि जरुरी रहेको बताए । प्रहरीभित्र पनि शुद्धीकरण र सुधारका प्रशस्त आवश्यकताहरु रहेको उनले बताए । नागरिकले तिरेको करबाट खरिद गरिएको पोसाक लगाएर नागरिकमाथि हुने अपशब्द र रवाफ कहिल्यै स्वीकार्य नहुने उनले उल्लेख गरे ।

# 'डिजी युथ कांग्रेस' गठन गर्न प्रदीप पौडेलको प्रस्ताव



**काठमाडौं/मस–** नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले निर्वाचनअघि नै कांग्रेसमा पुस्तान्तरण तथा रूपान्तरण हुनुपर्ने माग गरेका छन् ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा जारी केन्द्रीय समिति बैठकमा शुक्रबार उनले रूपान्तरण र पुस्तान्तरण भए मात्रै निर्वाचनमा बहुमत ल्याउन सकिने धारणा राखे ।

उनले मुलुकमा भएको जेनजी आन्दोलनलाई शंकाका रूपमा नहेरी त्यसले उठाएका मूल मुद्दा सम्बोधन हुनुपर्नेमा जोड दिए । 'जेनजी पुस्ताले उठाएका भ्रष्टाचार अन्त्य, सुशासन, आर्थिक विकास, युवा तथा रोजगारीजस्ता विषय जायज छन्', उनले भने, 'हामीले पूर्ण प्रजातान्त्रिक अभ्यास गर्न नसकेको, भ्रष्टाचार मौलाएको तथा जनताप्रति उत्तरदायी हुन नसकेका कारण युवाबाट यो विद्रोह भएको अर्थमा बुझ्नु मुलुकका लागि हितकर हुनेछ ।'

केन्द्रीय सदस्य पौडेलले पार्टीले पुस्तान्तरण र रूपान्तरणको युवा मुद्दा पार्टीले सम्बोधन गर्नुपर्ने भन्दै पार्टी नेतृत्वमा युवा सहभागिता वृद्धि गर्नुपर्ने प्रस्ताव गरेका छन् । उनले युवा सहभागिता वृद्धिका लागि डिजी युथ कंग्रेस गठनको अवधारणा प्रस्तुत गरेका हुन् । 'यसले नयाँ पुस्ताको क्षमता र योग्यतालाई पार्टीमा जोड्ने काम गर्नेछ', उनले भने । पौडेलले वडादेखि केन्द्रसम्म युवा सहभागिता सुनिश्चित हुने गरी नेतृत्व छनोटको प्रस्ताव गरेका छन् ।

पौडेलले विभिन्न देशमा भएका युवा विद्रोहको प्रष्ट सन्देश सुदृढ लोकतन्त्र भएको उल्लेख गर्दै जेनजी आन्दोलनबाट सबैभन्दा बढी लाभ नेपाली कांग्रेसले लिनसक्ने धारणा राखे । यसका लागि कांग्रेसले कमजोरीको निर्मम समीक्षा गरी सुधारको वस्तुपरक बाटो रोज्नुपर्नेमा उनको जोड थियो । नेता पौडेलले युवा विद्रोहका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको पनि माग गरे ।

विद्यमान संकटको निकासमा राष्ट्रपति रामचन्द्र पौडेलले खेलेको भूमिकाको प्रशंसा गर्दै उनले पार्टी सभापति शेरबहादुर देउवाप्रति भएको आक्रमणको निन्दा गरे । उनले सभापतिद्वारा पार्टी बैठकमा असोज २८ गते पेस गरिएको भनाइ जिम्मेवार रहेको भन्दै सोहीअनुसार पार्टी चल्नुपर्नेसमेत बताए ।

पूर्वस्वास्थ्य तथा जनसंख्यामन्त्रीसमेत रहेका पौडेलले आफूले मन्त्रीका रुपमा रहँदा स्वास्थ्य बिमामा सुविधा वृद्धि र विपन्न वर्गलाई राहतको सीमा बढाएर सुधार थलेको बताए । यसलाई पार्टीले आधिकारिक नीतिका रुपमा अघि बढाए स्वास्थ्यमा समाजवाद ल्याउन सकिने उनको तर्क थियो ।

नेता पौडेलले अहिलेको संघ, प्रदेश तथा स्थानीय सरकार खर्चिलो भएका कारण धान्नसमेत जटिल र नागरिकमा असन्तुष्टि बढेको भन्दै पुनःसंरचनाको प्रस्ताव गरेका छन् । उनले खर्च कटौती तथा छरितो सरकारको अवधारणा प्रस्तुत गरेर प्रतिनिधिसभा सदस्यको सङ्ख्या २०१ र मन्त्रिमण्डलमा बढीमा १५ जना बनाउनुपर्ने प्रस्ताव पनि गरेका छन् । उनले प्रदेशसभाको आकार ४० प्रतिशत कम गर्ने र प्रदेश मन्त्रीमण्डल बढीमा पाँच सदस्यीय बनाउन आवश्यक रहेको धारणा राखेका छन् ।

स्थानीय तह ४ सयमा झारेर खर्च कटौती तथा प्रभावकारी सेवा दिन सकिने भएकाले जिल्ला समन्वय समितिको औचित्य नरहेको भन्दै खारेज गर्नुपर्ने उनको प्रस्ताव छ । नेता पौडेलले स्थानीय तहमा उपाध्यक्ष तथा उपप्रमुखजस्ता पद बोझिलो देखिएको भन्दै त्यसमा कटौतीको प्रस्ताव गरेका छन् ।

नेता पौडेलले आफ्नो प्रस्तावमा अहिलेको विद्रोहको सम्बोधन, विशेष महाधिवेशनको माग, युवाको संलग्नता वृद्धि तथा तोकिएको प्रतिनिधिसभा निर्वाचनलाई ध्यानमा राखेर तत्काल १५औं महाधिवेशनमा जानुपर्ने प्रस्ताव गरेका छन् ।

'यसले मात्र ताजा जनादेशसहितको नेतृत्व र नीति लिएर पार्टी नयाँ ऊर्जाका साथ अगाडि आउनेछ । नवयुवाको प्रवेश बढ्नेछ । यसले मात्र देशको समस्या हल गर्ने सामर्थ्य राख्नेछ', उनले भने ।

# दल घोषणा गर्दै मिराज ढुंगाना



**काठमाडौं/मस–** जेनजी आन्दोलनका अगुवामध्येका एक मिराज ढुंगानाले नयाँ राजनीतिक दल घोषणा गर्ने भएका छन् । उनले शनिबार दिउँसो १ बजे राजधानीको एभरेस्ट होटलमा पत्रकार सम्मेलन गरी पार्टीको औपचारिक घोषणा गर्ने तयारी गरेका छन् ।

ढुंगानाले सामाजिक सञ्जालमार्फत एक भिडियो सार्वजनिक गर्दै दल गठनका लागि 'पार्टी गठन वार्ता समिति' गठन भइसकेको जानकारी दिएका छन् । उनका अनुसार नयाँ दलको प्रमुख एजेन्डा प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको व्यवस्था, विदेशमा रहेका नेपालीलाई मतदान अधिकार दिलाउने र भ्रष्टाचार नियन्त्रणका लागि नागरिक तहको संयन्त्र स्थापना गर्ने रहनेछ ।

'राजनीतिक दल खोल्नुको अर्थ अहिलेको अवस्थामै निर्वाचनमा जानु होइन,' ढुंगानाले भनेका छन्, 'जबसम्म हाम्रो बटमलाइन-प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री, वैदेशिक नेपालीको भोट अधिकार र नागरिक तहको भ्रष्टाचार नियन्त्रण निकाय सुनिश्चित हुँदैन, तबसम्म हामी निर्वाचनमा जाने छैनौं ।'

ढुंगानाले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनलाई देश परिवर्तनको अभियानका रूपमा व्याख्या गर्दै त्यसलाई अझ शान्तिपूर्ण र संगठित रूपमा अघि बढाउने बताएका छन् ।

# लोप हुँदै 'हुक्कालोली'



**महोत्तरी/मस–** महोत्तरीसहित मधेश प्रदेशका अधिकांश क्षेत्रमा परम्परागत रूपमा नचाउँदै आएको बाँसको कोया (खपरोइया)बाट निर्मित हुक्कालोली लोप हुँदै गएको छ ।

यस क्षेत्रमा दीपावलीको राति पौराणिक तथा सांस्कृतिक पहिचान बोकेको आगो लगाएर नचाइने हुक्कालोली लोपहुँदै गएकाप्रति बुढापाकाहरूले चिन्ता व्यक्त गरेका छन् ।

मिथिलाञ्चलभरि लामो परम्परा बोकेको पितृ क्रियाका निमित्त गरिएको धार्मिक मान्यतालाई मनोरञ्जनका रूपमा प्रयोग गर्न थालेपछि हुक्कालोली प्रथा लोप हुन थालेको जलेश्वर नगरपालिका-८ का पण्डित माधव झाको भनाइ छ । पहिले गाउँमा बाँसका ठूला लट्ठीमा बाँसकै कोया (खपरोइया)माथि कोया राखेर हुक्कालोली बनाउने गरिन्थ्यो भने दीपावलीका राति सो हुक्कालोलीमा आगो लगाएर नचाउने गरिन्थ्यो । अचेल भने यो परम्परागत कार्य लोप हुँदै गएको पिपरा गाउँपालिका निवासी ७० वर्षीय वयोवृद्ध एवं संचारकर्मी वैद्यनाथ चौधरीले बताए । 'पहिले बालकदेखि वृद्धसम्म हुक्कालोली नचाउने गर्दथे, तर हाल यसलाई मनोरञ्जनको रूपमा सहरी र ग्रामीण क्षेत्रमा फाटफुट मनाउने गरेको पाइन्छ । आधुनिकतासँगै यो परम्परा लोप हुने अवस्थामा छ', मटिहानी नगरपालिका- ८ का उमाशंकर साहले भने ।

स्कन्द पुराणमा उल्लेख भएअनुसार मिथिलाञ्चलमा पितृलाई बाटो देखाउन र पितृको आत्मालाई शान्तिका निमित्त लक्ष्मीपूजाको राति हुक्कालोली नचाउने परम्परा रहेको जलेश्वर- ५ का संस्कृतिविद् ध्रुव रायले बताए । पछिल्लो समय भने मनोरञ्जनका लागि दीपावलीको रात दियोबत्ति बाली कपडाको पोकोमा तारले बेरेर वस्तु (गेनी) लाई मट्टितेलमा भिजाइ आगो बालेर हुक्कालोली खेलिने उनले सुनाए । मिथिलामा हुक्कालोली मनाउने क्रममा लक्ष्मी पूजा गरिसकेपछि मध्यरातमा महिलाले दुःख, दरिद्र हटी सुखशान्ति भित्रियोस्, लक्ष्मी स्थिर भइरहुन् भन्ने उद्देश्यले आँगनबाट नाङ्लो ठटाउँदै प्रवेश गर्ने धार्मिक चलन रहेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८१/०२/०८ मा दर्ता भएको **प्रा. लि. नं. ३३६५१२** को **कोरियन पाठशाला प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०५९/०८/२० मा दर्ता भएको **प्रा.लि. नं. २१८४५** को श्री **माउन्टेन भ्यू इङ्गलिस बोर्डिङ्ग स्कुल पाल्पा** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

HUAWEI

**Huawei Technologies Nepal Company Private Ltd** is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions.

VACANCY

**1. Position: Wireless Engineer (Expert)**

**No. of Person required: 1**

**Job Responsibilities:**
- Deliver the wireless products from a product field and ensure the product installation, supervision and commissioning.
- Ensure delivery quality, progress, smooth operation and maintenance.
- Address tricky service problems in the respective product field, and lead the resolution of key problems.
- Deliver advanced courses for the product field, ensure that the serviceability measures can be adopted, and optimize delivery modes.
- Responsible for capacity planning, GSM frequency planning and frequency hopping by applying carrier/ interference (C/I) ratio analysis.
- Provide guidance for lower-level staff to improve their capabilities.

**Qualification:**
- Bachelor Degree in Engineering (Electrical/ Computer Science/ Communication) or equivalent.
- Minimum 8 years or more experience in telecom project and familiar with Huawei equipment and network system.
- In depth understanding of global telecom industry.
- Should have good communication skills, ability to work in team, proactive and result oriented
- Self-motivated, result oriented and a team player with good communications skills and attitude.
- Good Proficiency in English Language both spoken and written. Chinese language proficiency will be an added advantage.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at *nepal@huawei.com* by 27th *October, 2025*. Preference will be given to Nepalese citizens.**

कथा

# बिर्सन नसकिने सम्झना

*ती महिलाको कुराले मलाई विगतमा लग्यो । श्रीमान् गुमाएको त्यो दिन, त्यो रात, त्यो खालीपन, कसैलाई भन्न नसकेको पीडा । छोरी वा छोरासँग तेस्रो व्यक्तिको भूमिका निभाएर बाँचिरहनुपरेको त्यो अवस्था ।*



■ रञ्जना बास्ताकोटी

विमानस्थलको भीडभाडलाई चिर्दै म त्यहाँ पुगेकी थिएँ, छोरोलाई अमेरिका पठाउन । यो ठाउँ मेरा लागि सधैं अन्जान थियो, तर आजको दिन जीवनकै सबैभन्दा चिर-परिचित लागिरहेको थियो । वरिपरि मान्छेहरू हाँसिरहेका थिए, कोही रुँदै थिए, कोही क्यामेरामा अन्तिम क्षण कैद गरिरहेका थिए । म भने भित्रभित्रै रित्तिएकी थिएँ । आज मेरो एक्लोपनको परिभाषा फेरिँदै थियो– छोरा जाँदै थियो ।

'आमा, नरोऊ है । तपाईंको हाँसो नै मेरो हिम्मत हो ।' मेरो हात समाउँदै उसले भनेको त्यो वाक्य मेरा लागि प्राणभन्दा कम थिएन । उसको आत्मविश्वास र सन्तुलित व्यवहार देखेर गर्वले मुटु फुलेको थियो तर आँखाबाट आँसु रोक्न सकेरहेकी थिइन् ।

छोरा मेरो सबैथोक थियो । उसलाई हुर्काउँदै गर्दा मैले समाजको कैयौं घोचपेच सहें । श्रीमान्को मृत्युपछिको समय त झन् कस्तो कहालीलाग्दो थियो, शरीर थाके पनि हार्ने छुट भएन । घरभित्र भत्किएको सपनाबाहिर फेरि निर्माण गर्नुपर्ने बाध्यता थियो । र मैले गरें पनि ।

यिनै सम्झनामा हराइरहेकी थिएँ, त्यहीबेला नजिकै एक महिला आफ्नी छोरीलाई अंकमाल गर्दै बिदाइ गरिरहेकी थिइन् । महिलाको अनुहारमा पनि मेरै जस्तै पीडाको झल्को थियो तर उनी अर्कै किसिमले भत्किएकी देखिन्थिन् । आँखाभरि डर, रित्तोपन र एक अनकन्टार भविष्यको आभास थियो । उनको छोरी मलाई केही परिचित जस्तो लाग्यो तर याद आउँदैनथ्यो ।

जब विमान उड्ने समय भयो, छोराले मलाई फेरि अंकमाल गर्दै भन्यो, 'आमा, म फर्केर आउँछु, तपाईंको सपना साकार हुन्छ ।'

उसको पछाडि लाग्ने मन थियो तर मैले हात हल्लाउँदै हाँसेर बिदाइ गरें । हाँसो त्यो थियो, जुन आँसुमा डुबेको थियो ।

त्यहीबेला ती महिला मेरो नजिक आइन् । 'छोरी पठाउनुभयो ?'

'छोरा' म थोरै मुस्कुराउँदै भनें ।

'मैले पनि मेरी छोरी पठाएँ, निकै एक्ली भएँ, कम भएको श्रीमान्को याद अब धेरै आउने भो,' उनले सुनाइरहेकी थिइन् ।

ती महिलाको कुराले मलाई विगतमा लग्यो । श्रीमान् गुमाएको त्यो दिन, त्यो रात, त्यो खालीपन, कसैलाई भन्न नसकेको पीडा । छोरी वा छोरासँग तेस्रो व्यक्तिको भूमिका निभाएर बाँचिरहनुपरेको त्यो अवस्था ।

महिलाको कुरा सुनिरहँदा छेउमै एक किशोरी आएर उनीसँग अंकमाल गरिन् । त्यो किशोरी त उनको भाइकी छोरी रहिछिन् । त्यहीबेला त्यो किशोरीले भनिन्, 'काकी, तपाईंलाई छाडेर जान मन छैन ।'

म चुप लागें, त्यो बन्धन मेरा लागि पराइ थिएन । केही समयपछि हामी दुई जना एकैछिन चुपचाप बस्यौं । उनी मसँग बिस्तारै खुल्दै गइन् । 'दिदी, म कतैबाट पनि भागेकी होइन । म लड्दै यहाँसम्म आएकी हुँ । कहिलेकाहीँ लाग्छ, के म कमजोर थिएँ त जीवनसँग जुध्न ?'

म केही बोलेनँ, केवल टाउको हल्लाएँ ।

'श्रीमान् त थिए तर थिएनन् । आफूलाई मात्र केन्द्र मानेर बाँचेका मान्छे । बच्चा जन्मिएपछि त मैले आफ्नो अस्तित्व नै हराएकी थिएँ । काम गर्न दिएनन्, साथीभाइसँग बोल्न दिएनन् । जिउँदो भएर पनि म म थिएँ जस्तो लाग्दैनथ्यो ।'

ती शब्द मेरै जीवनका अंशजस्ता थिए । सायद हामी एउटै डोरीका दुई टुक्रा थियौं ।

त्यहीबेला उनले अगाडि भनिन्, 'कहिल्यै सोचिनँ, म पनि ऊजस्तै भइनेछु भन्ने । ऊ... अर्थात् उसकी पहिली श्रीमती । धेरै कुरा सुनेकी थिएँ उनको । विद्रोही थिइन् रे, चर्को बोल्थिन् रे, घर तोडेर गइन् रे । तर आज बुझिरहेछु, विद्रोह गर्नु भनेको कमजोर हुनु होइन रहेछ, त्यो त आत्मसम्मान बचाउने अन्तिम अस्त्र हुँदो रहेछ ।'

म झसंग भएँ । भित्रैभित्र म डराइरहेकी थिएँ, कसै न कसै दिन यो सत्य उनी बुझ्नेछिन् भनेर । उनी जसलाई 'पहिली श्रीमती' भनेर कुरा गर्दै थिइन्, त्यो म थिएँ ।

'दिदी, थाहा छ ? अहिले मन लाग्छ- कहिल्यै भेट्न पाए उनीलाई । म उनको खुट्टा ढोगेर भन्थें- माफ गर्नुहोस् । तपाईंको थालोमा म बोलाएर आएको छैन, बस समयले यसरी ल्याइदियो । तपाईंले छोडेर दिएको त्यो मान्छे, म बाँच्न खोज्दै छु उसैको छायामा ।'

म थामिन सकिनँ । उसको त्यो निष्कलंक अनुहार हेर्दै मैले सोधें, 'अनि अहिले के गर्छ्यौ त ?'

'बाँच्ने कोसिस गर्छु । छोरीलाई विदेश पठाएकी छु । कुनै दिन ऊ ठुलो बनोस् भन्ने चाहना छ । आफूजस्तो कमजोर नबनोस् भन्ने कामना । म त्यही लडाइँ लडिरहेकी छु, जुन तपाईंले कतै, कहिल्यै लड्नुभएको थियो होला दिदी ।'

मैले झनै मन सम्हाल्न सकिनँ । मैले मेरो झोला खोलें, एउटा कार्ड निकालेर दिँदै भनें, 'यो मेरो नम्बर हो । कहिले पनि लागे, हिम्मत चाहियो, समर्थन चहियो भने फोन गर्नु ।'

उसले कार्ड हेरी । झस्कियो आँखा । केही समय एकटक मलाई हेर्दै भनिन्, 'दिदी... तपाईं... तपाईं नै हुनुहुन्छ ?'

मैले मुस्कान दिएँ तर केही बोलिनँ ।

उसले मेरो हात समाई । आँखामा आँसु थिए, तर ओठमा सन्तोष । मलाई लाग्थ्यो, सौता भनेको दुस्मन हुन्छ । तर आज बुझें, एकै पीडाको अनुभव बाँड्नेहरू सौता होइनन्, सहयात्री हुन्छन् ।

म चुपचाप उठें । उनले मसँग अंकमाल गरिन् ।


सडकमा हिँड्दै गर्दा मेरो मनमा एउटै कुरा घुमिरह्यो- कुनै दिन, मेराजस्तै थोरै आँसु र थोरै आँट उनी पनि आफ्नी छोरीको हात समाउँदै भन्नेछिन्, 'बेटी, तिमी लड । जिन्दगी यही हो ।'



*उसले कार्ड हेरी । झस्कियो आँखा । केही समय एकटक मलाई हेर्दै भनिन्, 'दिदी... तपाईं... तपाईं नै हुनुहुन्छ ?' मैले मुस्कान दिएँ तर केही बोलिनँ । उसले मेरो हात समाई । आँखामा आँसु थिए तर ओठमा सन्तोष । मलाई लाग्थ्यो, सौता भनेको दुस्मन हुन्छ । तर आज बुझें, एकै पीडाको अनुभव बाँड्नेहरु सौता होइनन्, सहयात्री हुन्छन् ।*

# अधुरो सपना

कथा



■ शम्भू पनेरू

*शहर फर्कनु अघि, उनले आफ्नो फोनबाट एक फारम भरिन् । गाउँमै एउटा सानो लाइब्रेरी खोल्ने योजना थियो । लाइब्रेरीको नाम थियो- आशाको उज्यालो । त्यही दिन चम्पाले सोधी, 'दिदी, फेरि फर्किने हो ?' सुमित्राले गहिरो सास फेर्दै भनी, 'हो चम्पा, म अब बारम्बार फर्किन्छु । अधुरो सपना पूरा गर्न ।'*

'हजुर, दुई रुपैयाँ दिनुहुन्छ ?'

काँधमा झोला बोकेको १८/१९ वर्षको युवकले बसपार्कको छेउमा ओत लागेर उभिएको साह्रै पुरानो कोट लगाएकी महिलातर्फ हेर्दै आग्रह गर्‍यो ।

महिलाले ढोका पर्खालभन्दा अघिको ढुंगामा राखिएको झोला खोलिन् । नयाँ मोबाइल निकालिन्, केही बेर स्क्रिन स्क्रोल गरिन् अनि युवकलाई नजर लगाइन् । युवकको गालामा दाह्री उम्रेको थियो तर आँखामा थकाइ र हिम्मतको अद्भूत मिश्रण थियो । चप्पल पुराना थिए, लुगा च्यातिएको तर सफा थियो ।

'के गर्छौ दुई रुपैयाँ लिएर ?' उनले सोधिन् ।

'एकछिन उता खाजा पसल छ नि, त्यहाँबाट चनाको ठुटो किन्छु । भोक लागेको छ,' उसले उत्तर दियो ।

महिला केही सोचिन्, झोलाबाट पुरानो चाउरिएको वालेट निकालिन् र दुई रुपैयाँ होइन, पाँच रुपैयाँ दिइन् । युवकले धन्यवाद भन्यो र पसलतर्फ दौडियो ।

त्यही महिला- सुमित्रा केही समयअघिसम्म गाउँकै स्कुलमा विज्ञान पढाउने शिक्षिका थिइन् । अब काठमाडौंमा, त्रिपुरेश्वरस्थित एक निजी स्कुलमा पढाउँछिन् । ठमेलतिर अपार्टमेन्ट भाडामा लिएकी छन् । तलामा गज्जबको सिंगारपटार भएको घर तर भित्रको कोठामा राति अबेरसम्म निदाउन नसक्ने आत्मा ।

बिहानको कलेज, दिउँसोको कोचिङ सेन्टर अनि बेलुकीतर्फका केही ट्युसन क्लास । व्यस्ततासँगै थिचिँदै गरेकी थिइन् । पैसाको कमाइ राम्रो थियो, तर मनमा उस्तै खालको खालीपन थियो– खाल्डो जसलाई टपक्कै भरिँदैनथ्यो ।

त्यो रात उनी घर पुग्दा करिब ८ बजेको थियो । मोबाइलको ब्याट्री सकिन लागेको थियो तर एउटै सन्देश आइरहन्थ्यो- 'गाउँ फर्क न ! बाबालाई पछिल्लोचोटि देखेकै तीन वर्ष भयो । नानीलाई त तिमी आमाजस्तै थियौ ।'

सन्देश उनकी बहिनी विमलाको थियो, जो अझै गाउँमा बस्छिन् । विमला र उनकी चार वर्षकी छोरी सुमित्राकी जिउकी छोरीजस्ती चम्पा ।

उनी सुतेर भोलिपल्ट बिहान उज्यालो हुँदा गाउँ फर्कने निर्णय गरिन् ।

गाउँ पुग्दा त्यो पुरानै चोक, उही चौतारो, उही धुलो उड्ने बाटो, उही पानीको धारो– सबै उस्तै देखिन्थ्यो । फरक के थियो भने, मानिसहरूको अनुहारमा थकान बढेको थियो । हाँसो हराएको थियो ।

विमला दराज खोलेर पुरानै कपडा लगाएकी थिई । चम्पा भने माटोमा खेल्दै थिई – उसको ओठमा खाली खेलको रमाइलो नभएर, जीवन बुझ्न नसकेको मासुम प्रश्न थियो ।

'कस्तो छौ ?' सुमित्राले भनी ।

'गाउँ उस्तै छ दिदी, न त सरकार फर्कियो, न त तिमी । फेरि पनि तिमी फर्किएको देखेर खुसी लाग्यो ।'

'बाबा खै त ?' सुमित्राले शंका र डर मिसिएको स्वरमा सोधी ।

'पछिल्लोपटक मुटुको औषधि किन्न नसक्दा बेहोस हुनुभएको थियो । अहिले अलि ठिकै छ तर धेरै कुरा गर्दैनन् । तिमी फर्किन्छ्यौ भन्ने विश्वास थियो उहाँलाई, हिजोभरि तिम्रो कुरा गरिरहनुभएको थियो ।'

सुमित्रा केही बोलिनन् । मनमा चिसो सर्छ । उनी कहिल्यै बुझ्न सकिनन्, आफ्नो सफलताको मूल्य कति महँगो थियो । उनले भुलेकी थिइन् कि मानिसहरूलाई आफ्नो उपस्थितिले पनि बाँच्ने हिम्मत दिन सकिन्छ ।

दिउँसो उनी चम्पालाई लिएर पुरानो चौतारी पुगिन् । त्यहाँ ५/६ जना महिला घाँस काट्न जान लागेको देखिन् । सबैका हातखुट्टा घाउ, चोट लागेका अनि धोलोमैलो लागेका । तैपनि सबैका आँखामा एउटै सपना थियो- छोराछोरीले सहरमा नाम कमाऊन् ।

उनीहरूले सुमित्रालाई देखे । केहीले नमस्कार गरे, केहीले गफ सुरु गरे, 'दिदी, सहरमा सुनिन्छ तपाईंको नाम, ठुलो अफिसमा काम गर्नुहुन्छ रे ?'

'सुनिन्छ, तपाईंलाई सांसद बनाउने चर्चा पनि छ रे ?'

'यहाँका छोरीहरूलाई पनि मौका दिनुहोस् नि !'

सुमित्राले हाँस्दै जवाफ दिइन्, 'म सांसद होइन, शिक्षिका हुँ । अनि हो, मौका सबैलाई मिल्नुपर्छ ।'

त्यहीबेला एक जना किशोरी– झन्डै १५ वर्षकी सुमित्रातिर आइन् । पुरानो स्कुल ड्रेस लगाएकी, चप्पलको डोरा टाँसिएको ।

'दिदी, म तपाईंजस्तै बन्न चाहन्छु । मलाई पनि पढ्न मन छ । तर बाबाले भन्छन्- पढेर के हुन्छ र ? बिहे गर्‍यो कि सकियो ।'

सुमित्राको गहभरि आँसु आए । यस्तै त थिइन् उनी पनि कहिल्यै । ऊ आफैंले आँट नगरेको भए, सायद आज यही घरको कुनामा थिई- भाँडाकुँडा माझ्दै ।

'पढ, म छु त तेरो साथमा ।'

सहर फर्कनुअघि, उनले आफ्नो फोनबाट एक फारम भरिन् । गाउँमै एउटा सानो लाइब्रेरी खोल्ने योजना थियो । लाइब्रेरीको नाम थियो- आशाको उज्यालो ।

त्यही दिन चम्पाले सोधी, 'दिदी, फेरि फर्किने हो ?'

सुमित्राले गहिरो सास फेर्दै भनी, 'हो चम्पा, म अब बारम्बार फर्किन्छु । अधुरो सपना पूरा गर्न ।'

र त्यो साँझ गाउँमा केन्द्रीय विद्युत् गयो । अन्धकारमा बत्तीको पर्खाइमा बसेका गाउँलेहरूले आकाशको चन्द्रमा हेरे । सायद त्यो चन्द्रमा अब सुमित्राका आँखाबाट झुल्किएको थियो- अधुरो सपना पूरा गर्ने उज्यालोका रूपमा ।

कविता

## स्वयंसेवाको ज्योति



यामबहादुर थापा मगर

अँध्यारो समयको गर्भमा पनि एउटा उज्यालो जन्मिन्छ
त्यो हो, स्वयंसेवाको ज्योति
जहाँ हृदयहरू हात जोडी बन्छन्
र नशाहरूमा करुणा बग्छ
स्वार्थको भित्ताभित्र अड्किएको संसारमा
स्वयंसेवक ऊ हो
जो आफैंलाई भुलेर अरूको पीडा सम्झन्छ ॥


कसैले रोगीको पलङ सरसफाइ गर्छ
कसैले भत्किएको विद्यालय पुनर्निर्माण गर्छ
कसैले किताब बाँड्छ, कसैले आँसु पुच्छ
संसारका यी अदृश्य हातहरू
मानवताको सबैभन्दा सुन्दर हस्ताक्षर हुन् ॥

नेपालका टुकी बाल्ने युवाहरू
गाउँका बाटो बनाउँदै, बाढीका पीडित बस्तीमा पुग्दै
एक साझा सपना बोकेका छन्
जहाँ सेवा धर्म हो र प्रेम जीवनको भाषा ॥

स्वयंसेवा पद होइन, त्यो त एक आस्था हो
जहाँ 'म' हराउँछ र 'हामी' जन्मिन्छ
यही हाम्रोपनले देश उज्यालो बनाउँछ
अन्धकारभित्र आशाको रेखा तान्छ
सकारात्मक सन्देश दिँदै हामीले
आउनुहोस्, प्रत्येक विद्यालय, टोल र गाउँमा
स्वयंसेवाको बीउ रोपौं
किनभने एउटा सानो ज्योति पनि
संसारको सबैभन्दा ठुलो अँध्यारो हराउन सक्छ ॥

कविता

## अस्ताचलका खैरा बादलहरू !



गणेश लोहनी

गोधुलीमा जब पोतिन्छ सिन्दुरे रङ
कता-कता उदयाचलको भान हुन्छ
र सोच्दछु के उदयाचल
र अस्ताचल एकै हुन् ?
अहँ, होइन
फक्रँदो कोपिला र ओइलाउँदो फूल
कहाँ एकै हुन सक्छ
र खिलखिलाउँदो हँसमुख
बाल गोपाल र सर शैय्यामा ढलेका
जीवनका कहर खेपिरहेका भीष्म पितामह !
रङ भरिँदै गरेको उषाकिरणसँग
रङ झर्दै खुइलिँदो सन्ध्याको कालिमा
उकालो लाग्दै गरेका तरुणाइको
ओह्रालो लागेका मृगसँग केको तुलना
जेनजीको जोस जाँगर
उषाको लालिमा बनेर
उदयाचलबाट निरन्तर उकालो चढ्दै छ
यता बिस्तारै कुप्रँदै छन्
नलच्किएका ढाडहरू
खरी झर्दा झर्दा
बज्न छोडेका छन् मादलहरू
गर्जन र बर्सन नसक्ने भएका छन्
अस्ताचलका खैरा बादलहरू !!

# सुशासन प्रवर्धन र डिजिटल रूपान्तरणमा जोड




**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सुशासन, डिजिटल रूपान्तरण, डिजिटल अर्थतन्त्र, नवीनतम प्रविधिको प्रवर्द्धन र युवाहरूको संलग्नताबारे जेनजी युवाका प्राविधिक क्षेत्रका प्रतिनिधिहरूसँग सुझाव लिएको छ।

सञ्चारमन्त्री जगदीश खरेलको अग्रसरतामा मन्त्रालयले पहिलोपटक जेनजी युवाका प्राविधिक क्षेत्रका प्रतिनिधिहरूसँग छलफल गरी सुझाव लिएको हो । सञ्चार मन्त्रालयले शुक्रबार आयोजना गरेको डिजिटल रूपान्तरणसम्बन्धी अन्तर्क्रियामामा जेनजीका सूचना प्रविधि विज्ञहरूको सूचना प्रविधिको क्षेत्रमा युवापुस्तालाई समेटेर मन्त्रालयले आगामी कार्ययोजना बनाउनुपर्नेमा जोड दिए ।

छलफलमा सञ्चारमन्त्री खरेलले सूचना प्रविधिको अधिकतम प्रयोग गरी सुशासन प्रवर्द्धन र डिजिटल रूपान्तरणलाई प्राथमिकता दिइने बताए। उनले सुशासनका लागि डिजिटल रूपान्तरणसहित डिजिटल अर्थतन्त्र, नवीनतम प्रविधिको प्रवर्द्धनमा युवापुस्ताको सुझाव लिएर आगामी रणनीति र कार्ययोजना बनाउन पहल गर्ने दोहोऱ्याए ।

सञ्चारमन्त्री खरेलले जेनजी युवाहरूको आन्दोलनका क्रममा उठेको महत्वपूर्ण विषय सुशासन र आवश्यक प्रविधिसम्बन्धी कामलाई प्रभावकारी बनाउन प्रविधि क्षेत्रमा सम्बद्ध युवाहरूबाट आएको सुझाव महत्त्वपूर्ण हुने बताए ।

उनले भने, 'सञ्चार मन्त्रालयले बनाउने हरेक नीति र योजनामा जेनजी पुस्ताको सुझावलाई समेटेर राम्रो 'रोडम्याप' बनाउनेछौँ, मन्त्रालयले यस्ता छलफललाई आगामी दिनमा पनि निरन्तरता दिनेछ ।'

सञ्चारमन्त्री खरेलले जेनजी आन्दोलनको जगमा गठन भएको वर्तमान नागरिक सरकारले जेनजीको भावनाबमोजिम निर्धारित मितिमा निर्वाचन सम्पन्न गर्ने, सुशासन प्रवर्द्धनको कामलाई प्राथमिकता दिएर क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणको कार्यलाई अगाडि बढाउने बताए ।

मन्त्री खरेलले विपद्को समयमा प्रविधिको प्रयोगमार्फत गरिएको पूर्वसूचना प्रणालीले महत्त्वपूर्ण काम गरेको र जनधनको क्षति न्यूनीकरण भएको भन्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकासलगायतका क्षेत्रको सुधारका लागि प्रविधिको प्रयोग महत्त्वपूर्ण हुने बताए ।

सञ्चारमन्त्री खरेलले सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र मधेसको टेलिफोन र इन्टरनेट सेवाको पहुँच विस्तार गरी सेवा गुणस्तर बनाउने उच्च प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिए ।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले प्रविधिको प्रयोग र विकासका लागि सञ्चार मन्त्रालयले विभिन्न योजना अगाडि बढाइरहेको सन्दर्भमा युवाहरूबाट आएका महत्वपूर्ण सुझावलाई समटेर अगाडि बढ्ने बताए । छलफलमा जेनजी युवाका प्रविधि क्षेत्रका प्रतिनिधिहरूले भ्रष्टाचाररहित समाज निर्माण र सुशासनको प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारहरूको प्रभावकारी प्रयोगमा सरकारले काम गर्नुपर्नेमा जोड दिए ।

प्रविधिको प्रयोग र विस्तारमा जोड दिनुपर्ने, देशका सबै भूभागमा मोबाइल नेटवर्कको प्रभावकारी विस्तार गर्नुपर्ने, इन्टरनेट सेवा प्रभावकारी बनाउनुपर्ने, डिजिटल अर्थतन्त्रका लागि नेपाल टेलिकमको सेवा र प्यान नम्बरलाई व्यवस्थित बनाउनुपर्ने, प्रभावकारी डाडा सेन्टर निर्माण गर्नुपर्ने, हेलो सरकारजस्ता टुटेका कार्यक्रम सुरु गरी आमनागरिकसँग जोडिनुपर्ने उनीहरूको सुझाव छ।

जेनजी प्रतिनिधि गौरव पाण्डेले देशका दूरदराजसम्म टेलिफोन र इन्टरनेट सेवाको पहुँच विस्तार गर्न आग्रह गरे । जेनजी अभियान्ता युजनराज भण्डारीले जेनजी अयिभानता र विज्ञहरूबाट आएको सुझावलाई ग्रहण गरी सरकारले मुलुकमा सुशासन प्रवर्द्धन र निर्वाचन सम्पन्न गर्ने दिशामा अग्रसर हुनुपर्नेमा जोड दिए ।

अर्का प्रतिनिधि सुदीप लामिछानेले युवापुस्ताको भावनालाई समेटेर सरकारले डिजिटल रूपान्तरण र नवप्रवर्तनलाई विशेष प्राथमिकता दिनुपर्ने औँल्याए ।

अभियान्ता आयुससकाजी डंगोलले प्रविधिको प्रयोगमार्फत सरकारी सेवालाई सरल र सहज बनाइनुपर्नेमा जोड दिए ।

यस्तै आशिस रिमाल, निकेश कर्माचार्यलगायतले सरकारले गरेका काम कारबाहीलाई जनतामामु लैजानुपर्नेमा जोड दिए ।

# बालमैत्री र समावेशी विद्यालय निर्माण गर्न प्रधानाध्यापकबीच कार्यशाला



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ३१ असोज

बर्दियाको गुलरियामा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको क्षमता विकास तथा सिकाइ आदान-प्रदान कार्यशाला सम्पन्न भएको छ। प्लान इन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशिष्टता समूह (बी ग्रुप) बाँकेको साझेदारीमा तथा शिक्षा विकास समन्वय इकाई बर्दियाको सहकार्यमा उक्त कार्यशाला आयोजना गरिएको हो।

कार्यशालामा बाल विवाह न्यूनीकरण परियोजना सञ्चालन भएका बर्दियाका ठाकुरबाबा, मधुवन, बारबर्दिया नगरपालिका र गेरुवा गाउँपालिकाका २० वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधिहरू सहभागी भएका थिए । कार्यशालामा परियोजना अन्तर्गत विद्यालयमा देखिएका अवलोकनयोग्य असल अभ्यासहरूलाई संस्थागत गर्ने कार्ययोजना निर्माण, विद्यालयको समावेशी र बालमैत्री वातावरण सुदृढीकरण र 'विद्यालय सुरक्षा कार्यविधि, २०७५'को प्रभावकारी कार्यान्वयनबारे विस्तृत छलफल गरिएको थियो ।

आयोजकका अनुसार परियोजना अन्तर्गत विद्यालयमा कार्यान्वित विभिन्न गतिविधिहरूको समीक्षा, सफल अभ्यासहरूको आदान-प्रदान तथा ती अभ्यासलाई संस्थागत गर्दै आगामी कार्ययोजना निर्माण गर्नु कार्यशालाको मुख्य उद्देश्य रहेको थियो ।

प्लान इन्टरनेशनल नेपाल र बी ग्रुप बाँकेले स्थानीय तहहरूसँग सहकार्य गर्दै विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

ती गतिविधिहरूले विद्यालयमा समावेशी वातावरण निर्माण, विद्यालयबाहिर रहेका बालबालिकालाई भर्ना गर्न प्रेरित गर्ने, सिकाइमा कमजोर विद्यार्थीको स्तरवृद्धि गर्ने, तथा लैङ्गिक र अपाङ्गता-मैत्री संरचना निर्माणमार्फत शिक्षामा पहुँच विस्तार गर्न सहयोग पुऱ्याएको सहभागीहरूको भनाइ छ । कार्यशालामा 'विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५' का प्रावधानबारे छलफल गर्दै विद्यालयस्तरमा त्यसको प्रभावकारी कार्यान्वयनका उपायहरू पनि साझा गरिएको थियो ।


## कतारमा रोजगार

कम्पनी : AMWAJ CATERING SERVICES LIMITED | शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ | चलानी नं.: ६०२४१३३२ | LT. No.: 327480 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 119 | 0 | स. काममा दक्ष | 1000 | ३८,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ८ गते (25 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

WAHAA MANPOWERS SUPPLIER
Govt Lic No. 469/060/061
Wahaa Manpowers Supplier Pvt. Ltd.
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566
Email:wahaa.nepal@gmail.com/ 9851049622, 9851071299, 9803100224

## साइप्रसमा रोजगार

कम्पनी: CY EMPLOYMENT | शहर: PAPHOS,CYPRUS
पूर्व स्वीकृत मिति: २०८२/०४/२७ | चलानी नं.: ६०२४२५१४ | LT. No.:329147

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 25 | स. काममा दक्ष | 400 | ६५,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ८ गते (25 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic. No.: 643/063/64
कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४५२४१५२, ४५१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com

## बहराइनमा रोजगार

कम्पनी : YOUNGJIN ENTERPRISE COMPANY | शहर: Bahrain
पूर्व स्वीकृत मिति : २०८२/०६/३१ | चलानी नं.: ६०२४६२८० | L.T. No.: 332651

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Light | 50 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४८,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker (General) | 200 | 0 | | 100 | ३७,१९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ८ गते (25 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Easy Overseas
Gov Lic No. : 1261/074/75
EASY OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Tel.:01-4016539

## साउदीमा रोजगार

कम्पनी: CRESTWOOD WOOD WORKS CO. | शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०६/०७ | चलानी नं.: ६०२४६२२४ | LT. No.: 331507

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING AND UNLOADING | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ कार्तिक ८ गते (25 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.
Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

## कतारमा रोजगार

कम्पनी: CLEANING PROTECTION | शहर: DOHA QATAR
पूर्व स्वीकृत मिति: २०८२/०६/३० | चलानी नं.: ६०२४६२१२ | L.T. No.: 332510

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Area Attendant/ Cleaner (F / (Cleaner Public Facilities) | 0 | 3 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Service Agent, (General) | 0 | 4 | | 1000 | ३८,४७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ८ गते (25 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRAYAS RE-EMPLOYMENT CONSULTANT (PVT.) LTD.
श्रम इजाजत नं. ७६३/०६४/०६५
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.: 01- 4820095, Mobile: 9823841132, Email:prayasroshancv@gmail.com, Web.:www.prayasreemp.com.np

## साउदी र कुवेतमा रोजगार

कम्पनी: JAWA HUMAN RESOURCES COMPANY | शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०८२/०६/३१ | चलानी नं.: ६०२४६२४० | LT. No.: 332600

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lording Labors | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: PROSH INTERNATIONAL PROVIDES GENERAL BUILDING CLEANING & PUBLIC FACILITIES MANAGEMENT SERVICES | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०६/३१ | चलानी नं.: ६०२४६२७६ | LT. No.: 332619

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 150 | 150 | स. काममा दक्ष | 90 | ४१,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ALFAISAL SECURITY & GENERAL CONT.CO. | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०६/३१ | चलानी नं.: ६०२४६२७५ | LT. No.: 332620

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Indoor (Female) | 0 | 250 | स. काममा दक्ष | 90 | ४१,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ८ गते (25 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.
Gov. lic. No. 793/065/66
Sinamangal -9, Prakash Sanyas Asram Marg airport kathmandu
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160, 9823325539, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Branch- Chitwan 056598203 | Birtamode 023591044 | Nepalgunj 9823986857, Rautahat 984-0708582


# अर्घाखाँची अस्पतालमा ब्लड बैंक स्थापना गर्नुपर्नेमा जोड




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३१ असोज

जिल्ला अस्पताल अर्घाखाँचीमा रक्तसञ्चार केन्द्र (ब्लड बैंक) स्थापना गर्नुपर्ने सरोकारवालाहरूले जोड दिएका छन् ।

अस्पतालमा उपचारका क्रममा रगत अभावका कारण बिरामीले भोग्नुपरेको समस्यालाई अन्त्य गर्न अस्पताल, नगरपालिका र नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा ब्लड बैंक स्थापना गर्नुपर्ने सुझाव जिल्ला समन्वय समितिका प्रमुख जीवन नारायण कोईरालाले दिएका हुन् ।

सन्धिखर्कमा शुक्रबार सम्पन्न जिल्ला अस्पताल अर्घाखाँचीको वार्षिक समीक्षा गोष्ठीमा बोल्दै प्रमुख कोईरालाले भने, 'रगत अभावका कारण कुनै पनि नागरिकले ज्यान गुमाउन नपरोस् भन्ने सबैको अपेक्षा हो । ब्लड बैंक स्थापना गर्न जिल्ला समन्वय समितिले आवश्यक सहयोग गर्नेछ ।'

सो अवसरमा सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले उपचारका क्रममा कुनै कमी हुन नदिन स्वास्थ्यकर्मीहरूलाई आग्रह गर्दै मुटु र मिर्गौला रोगका बिरामीका लागि डायलाइसिस सेवा सञ्चालन गर्ने प्रक्रिया अघि बढाउनुपर्ने धारणा राखे। उनले प्रदेश र संघीय सरकारबाट उपकरण अभावकै कारण अस्पतालमा स्थानीय तहहरूले सहयोग गर्नुपर्ने अवस्था आएको बताए ।

अर्घाखाँची अस्पतालका सूचना अधिकारी निम रानाका अनुसार हाल अस्पतालमा सेवा लिन आउने बिरामीहरूको संख्या उल्लेख्य रूपमा बढेको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले स्वास्थ्य क्षेत्रमा सुधारका लागि चुनौती र अवसर दुवै रहेको उल्लेख गर्दै ब्लड बैंक स्थापना अर्घाखाँचीवासीका लागि ठूलो राहत हुने बताए । उनले देशका केही ब्लड बैंकले जनअपेक्षा अनुसार सेवा नदिएको गुनासो हुँदै आएको जनाउँदै जिल्ला अस्पतालमै ब्लड बैंक स्थापना अब अनिवार्य भएको बताए ।

अस्पतालका सुपरिटेन्डेन्ट डा.जगन्नाथ तिवारीले रगत संकलन र व्यवस्थापनका लागि आवश्यक बजेट उपलब्ध भएमा विभिन्न संघसंस्था, समूह र व्यक्तिहरूसँग सहकार्य गरी काम अघि बढाइने जानकारी दिए ।

त्यसैगरी, अर्घाखाँची उद्योग वाणिज्य संघ-चेम्बर अफ कमर्सका अध्यक्ष प्रदीप मिश्रले ब्लड बैंक स्थापनाका लागि आवश्यक उपकरणहरूको व्यवस्थापन गर्न संघ प्रतिबद्ध रहेको बताए । उनले चेम्बरले व्यवसायिक हितसँगै शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा समेत योगदान दिइरहेको बताउँदै रगत व्यवस्थापनजस्तो जीवनरक्षासम्बन्धी कार्यमा सबैको सहभागिता आवश्यक रहेको उल्लेख गरे ।

वार्षिक समीक्षा गोष्ठीमा अर्घाखाँची अस्पतालले विगत एक वर्षमा सम्पन्न गरेका गतिविधिहरूको समीक्षा गरिएको थियो । कार्यक्रममा अस्पतालका विभिन्न विभागले गरेका कामको प्रतिवेदन प्रस्तुत गर्दै सेवा विस्तार, सुधार र अत्यावश्यक उपकरण–जस्तै शव राख्ने फ्रिज खरिद–बारे पनि छलफल गरिएको एक अधिकारीले मध्यान्हलाई जानकारी दिए ।

# साउनयता चार गैंडा मरे



**चितवन/मस–** चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा साउन यता चार वटा गैंडा मृत अवस्थामा फेला परेका छन् । तीमध्ये दुई वटा भाले एउटा पोथी र एउटाको पहिचान नखुलेको पाइएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार मृत भेटिएका गैंडामध्ये तीन वटा प्राकृतिक कारणले मरेका हुन् भने एउटा विद्युतीय करेन्ट लागेर मरेको हो । पछिल्लो पटक अमलटारी क्षेत्रमा २५ वर्षको गैंडा मृत भेटिएसँगै यस वर्ष चार पुगेको हो ।

गत आर्थिक वर्षमा निकुञ्ज क्षेत्रमा २८ वटा गैंडा मरेका थिए । २०२१ को गणनामा चितवन राष्ट्रिय निकुञ्जमा ६ सय ९४ गैंडा रहेका थिए ।

## ट्रेकिङ्ग लाइसेन्स हराएको सूचना

मिति २०८२/०१/२४ गते ११:३० बजे बालाजुबाट ठमेलसम्म जाने क्रममा पर्यटन विभागद्वारा मेरो नाममा जारी गरिएको २१५३८ नम्बरको ट्रेकिङ्ग गाईड लाइसेन्स हराएको हुँदा देख्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

सम्पर्कको लागि
बिप्लप न्यौपाने
ट्रेकिङ्ग गाईड लाइसेन्स नं. २१५३८
सम्पर्क नं. : ९८४१२१२५१४
का.जि.तारकेश्वर न.पा.–५

## दाबी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग, काठमाडौं

**सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०७/०१**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **SUPPORT HUMAN RESORCES PVT.LTD.** (इ.प.नं. ६६१/०६३/६४) ले आवश्यक धरौटी बापत कम्पनीको नामबाट रोक्का गरि राखिएको गोरखा जिल्ला साविक तारानगर गा.वि.स. वडा नं. १ हाल परिवर्तित गोरखा न.पा. १० स्थित कि.नं. २१५७ क्षेत्रफल ३-३-०-० र कि.नं. २१५८ क्षेत्रफल ३-३-०-० का जग्गाधनी बाबुराम सार्कीको नामको जग्गा फुकुवा गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम उक्त जग्गा फुकुवा गर्दा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०५/१८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम जग्गा फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## लेटाङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

**भूलसुधार**

यस लेटाङ नगरपालिकाको मिति २०८२/०६/३० गते प्रकाशित आन्तरिक आय ठेक्काको सूचनाको क्र. स. ७ मा बोलपत्र पेश गर्न व्यवसाय दर्ता प्रमाणपत्र आ.व. २०८१/०८२ को लागि नविकरण भएको, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

**प्रथम पटक प्रकाशन मिति २०८२/०७/०१**

यस श्री जनजागृती सामुदायिक वन उपभोक्ता समूह, बारबर्दिया ११, बर्दियाको बनबाट उत्पादन भई यस समूहको घाटगद्दीमा लट बनाई राखिएको खयर जातको १२५।३६ घ.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठमा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन २०८२/०७/२१ गते कार्यालय समयभित्र खरिद गरी २३ औं दिन २०८२/०७/२३ गते दिउँसो १२:०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनजागृती सामुदायिक वन उपभोक्ता समूह, बारबर्दिया न.पा. ११ बर्दिया**

# माटोले घर लिपपोत गरी संस्कृति जोगाउन गाउँपालिकाको अनुरोध



**काभ्रेपलाञ्चोक/मस–** काभ्रेपलाञ्चोकको खानीखोला गाउँपालिकाले तिहारमा माटोले घर लिपपोत गरी परम्परागत संस्कृतिलाई जोगाउन स्थानीयलाई अनुरोध गरेको छ ।

गाउँसभाबाटै खानीखोलाका बासिन्दाले दिपावलीका अवसरमा एकरुपता आउने प्रकारका रङका माटोले लिपपोत गर्ने निर्णयसमेत भएको थियो । परम्परागत संस्कृतिलाई पुनर्जीवित गर्ने उद्देश्यले गत असारमा सम्पन्न गाउँसभाले उक्त निर्णय गरेको गाउँपालिका अध्यक्ष इन्द्रबहादुर थिङले बताए ।

उनले जारी गरेको सार्वजनिक अपिलमा आधुनिकतासँगै गाउँघरमा माटोले घर लिप्ने चलन घट्दै गएकाले गाउँको मौलिकता, सौन्दर्य र सांस्कृतिक पहिचान कमजोर बनाएको जनाउँदै आउँदो तिहारदेखि कमेरो (सेतो माटो) र रातो माटोले घर लिपपोत गर्ने अनुरोध गरिएको हो ।

मध्यान्ह
www.madhyanhadaily.com
१ कात्तिक २०८२ शनिबार
18 October 2025 Saturday

## बिजुली महसुल बक्यौता विवाद

# उद्योगीहरूले मागे प्रधानमन्त्रीसँग कानुनी संरक्षण

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ३१ असोज



बिजुली महसुल बक्यौताको विषयलाई लिएर उद्योगमा बिजुली नकाट्न भन्दै २६ वटा उद्योगीहरूले प्रधानमन्त्रीसमक्ष निवेदन दिएका छन् । डेडिकेटेड फिडर र ट्रंकलाइनबापत नेपाल विद्युत् प्राधिकरणलाई महसुल बुझाउन बाँकी रहेका भनिएका उद्योगीहरूले प्राधिकरणले दिएको अल्टिमेटमको समय सकिनै लाग्दा कानुनी संरक्षण गर्नुपर्ने माग गर्दै शुक्रबार प्रधानमन्त्रीसमक्ष निवेदन दिएका हुन् ।

जेनजी विद्रोहपछि नयाँ सरकार बनेपछि प्राधिकरणले बक्यौता भुक्तानीका लागि अल्मिटमसहित सूचना निकालेको थियो । सो सूचनाअनुसार उद्योगीहरूले कात्तिक २ गते सकिँदै छ । प्राधिकरणले कात्तिक २ गते राति १२ बजेपछि बक्यौता नतिरेका सबै उद्योगहरूको विद्युत् लाइन काट्ने तयारी गरिरहेको जनाइएको छ । यसअघि ऊर्जा मन्त्री कुलमान घिसिङको नेतृत्वमा बसेको सञ्चालक समितिको बैठकले पनि प्राधिकरणले बक्यौता उठाउने निर्णय गरेको थियो ।

सोही अल्मिटमको समय सकिन लाग्दा उद्योगी प्रधानमन्त्रीसमक्ष निवेदन लिएर पुगेको देखिन्छ ।

उद्योगीहरूले बिजुली प्रयोग गरेबापत प्राधिकरणलाई नियमित बुझाउनुपर्ने महसुल बुझाउँदै आएको र बक्यौता बाँकी नरहेको उल्लेख गरेका छन् । उद्योगीले प्रधानमन्त्रीलाई निवेदनमार्फत लाल आयोगको सिफारिसबमोजिम प्रमाणका आधारमा बुझाउनुपर्ने रकम बुझाउन तयार रहेको बताएका छन् ।

प्राधिकरणले विद्युत् नै नदिएको भए पनि विशेष दरमा महसुल माग गरेको विरुद्ध आफूहरूले पुनरावलोकनका लागि निवेदन दिएको र सो निवेदन विचाराधीन रहेकै अवस्थामा सम्पूर्ण प्रक्रिया रद्द गर्ने निर्णय प्राधिकरण सञ्चालक समितिबाट भएको उद्योगीको निवेदनमा उल्लेख छ । सो निवेदन विचाराधीन रहँदाकै अवस्थामा प्रक्रिया रद्द गरेर लाइन काट्ने पत्राचार गर्ने अधिकार कानुनले कुन निकाय वा व्यक्तिलाई प्रदान गरेको छ भनेर उद्योगीले प्रधानमन्त्रीसमक्ष प्रश्न गरेका छन् ।

उद्योगीले कानुनी शासनको पालनाको विषय उठान गर्दै आफूखुसी राज्य शक्तिको दुरुपयोग गर्ने व्यक्तिमाथि विशेष अनुसन्धान आवश्यक भएको समेत निवेदनमा औंल्याएका छन् । तर प्रधानमन्त्रीले सो विषयमा के निर्णय गर्छिन् भन्ने हेर्न नै बाँकी छ ।

विगतमा केपी ओली नेतृत्वको सरकारले महसुल बक्यौता रहेका उद्योगमा लाइन काट्न दिएको थिएन । प्राधिकरणले बक्यौता नतिर्ने उद्योगहरूलाई २८ किस्तामा भुक्तानी गर्ने सुविधा पनि दिएको थियो । सो सुविधाअन्तर्गत केही उद्योगीले किस्ता पनि बुझाउँदै आएका छन् ।

# तिलिचो बेस क्याम्पमा फोरजी सेवा सुरु



**काठमाडौं/मस-** मनाङको तिलिचो बेस क्याम्पमा नेपाल टेलिकमको फोरजी सेवा सुरु भएको छ । हिमालपारिको जिल्ला भनेर चिनिने मनाङको प्रसिद्ध पर्यटकीयस्थल तिलिसो बेस क्याम्पमा आजदेखि फोरजी सेवा सञ्चालनमा आएको हो ।

